# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

संस्कृत भाषाको अर्थ भाष धातुमा आ प्रत्यय लागेर बनेको भाषा शब्दले बोली भन्ने अर्थ र आधार धातु भाष्ले बोल्नु, प्रकट गर्नु वा भन्नु हो । भाषा विचार विनिमयको परम्परित माध्यम हो । जसको प्रयोग प्रचलित ध्वनि सङ्केत वा लिपि चिन्हद्वारा हुने गर्दछ । यसलाई इच्छित भाव लक्षित तहसम्म पुऱ्याउने साधन हो । भाषा सीमित नियम र शाब्दिक प्रयोगद्वारा गरिने सञ्चार हो र यो मौखिक, लिखित र कथ्य लेख्यमा आधारित हुन्छ । भाषा विचार विनिमयको सर्वश्रेष्ठ साधन हो । मानवीय उच्चारण अवयवद्वारा उच्चारीत ध्वन्यात्मक प्रतीकको व्यवस्थालाई भाषा मानिन्छ ।

भाषा अभिव्यक्तिको माध्यम मौखिक र लिखित गरी दुई प्रकारका हुन्छन् । मौखिक भाषाको माध्यम उच्चारण र श्रव्य प्रक्रियाबाट गरिन्छ भने मानवले लिखित भाषाका माध्यमबाट ज्ञानका कुराहरूलाई लामो समयसम्म सुरक्षित गरी राख्न सक्दछ । भाषाका उच्चारण, बोध, व्याकरण, शब्दभण्डारहरूको प्रमुख माध्यम विषयवस्तुलाई मानिन्छ । अनुसन्धानका क्रममा अध्ययन विश्लेषण र निष्कर्षको सम्पूर्ण प्रक्रियाहरू पूरा गरिसके पछि त्यसलाई व्यवस्थित गर्ने काम अनुसन्धान लेख्नको हुने भएकोले यहाँ अर्घाखाँची जिल्लाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन शीर्षकमा शोधपत्र तयार पारिएको छ ।

बुदाँटिपोटलाई मौखिक वा लिखित अभिव्यक्तिको बोधात्मक एकाइ भन्ने गरिन्छ । कुनै पनि मौखिक वा लिखित अभिव्यक्तिलाई सुनेर वा पढेर त्यसभित्रको मूलभाव वा मुख्य कुरालाई सुनेर बुँदागत रूपमा टिपोट गर्नु नै बुँदाटिपोट हो । सुनेका र पढेका कुराहरूको टिपोट गर्न जानेपछि मात्र सोचेका कुराहरूको टिपोट गर्ने सिपको विकास हुन्छ । बुँदाको टिपोट गर्ने कलाले कृति वा रचनाको सार पहिचान गर्न सक्ने क्षमताको विकास गराउँछ । यसले धेरैलाई थोरै बनाउन सहयोग गर्दछ । त्यसैले लेखाइ सिपको विभिन्न क्रियाकलापहरू

मध्ये बुँदाटिपोट पनि एक महत्त्वपूर्ण पक्ष भएकाले कक्षा आठका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु आवश्यक छ ।

## १.२ समस्याकथन

भाषा विचार विनिमयको माध्यम हो । अनुसन्धानका क्रममा छनोट गरिएको कुनै पनि अनुसन्धेय विषयवस्तुलाई समस्याका रूपमा लिइन्छ । शोधकार्य समस्यामा केन्द्रित भई त्यसको समाधानतिर लक्षित हुन्छ । समस्याकथन मौलिक, सरल, स्पष्ट, सङ्क्षिप्त किसिमको हुनुपर्दछ । भाषाका चारवटा सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषाका आधारभूत सिपहरू हुन् । सुनाइ र पढाइ आदानात्मक सिप हो भने बोलाइ र लेखाइ प्रदानात्मक सिप अन्तर्गत पर्दछ ।

विद्यालय स्तरको तहमा लेखाइ सिपको विकासका लागि बुँदाटिपोट सम्बन्धी अभ्यास गराउनु महत्त्वपूर्ण मानिन्छ । कुनै पनि अनुच्छेदलाई पढेर मुख्य–मुख्य कुराहरू पहिल्याएर सङ्ख्यात्मक रूपमा लेख्नु नै बुँदाटिपोट हो । आफूले पढेका, सुनेका, अनुभव गरेका कुराहरू सुरक्षित राख्न, मौखिक वा लिखित विषयवस्तुमा भएका मुख्य र गौण कुरा छुट्याउन, मुख्य कुरा टिप्न सक्ने क्षमताको अभिवृद्धि गर्न र आफूले कुनै लेख, रचना, पुस्तक लेखनका लागि पूर्व योजना गर्नका लागि बुँदाटिपोट महत्त्वपूर्ण मानिन्छ । त्यसैले प्रस्तुत अध्ययनले कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता कस्तो छ भन्ने कुरालाई मुख्य समस्याको रूपमा विश्लेषण गरिएको छ । समग्रमा शोधपत्रका निम्न समस्याहरू रहेका छन् :

क. अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको समग्रमा बुँदाटिपोट क्षमता कस्तो रहेको छ ?

ख. विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति कस्तो छ ?

ग. लैङ्गिकताका आधारमा उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधपत्रका निम्न उद्देश्यहरू रहेका छन् :

क. अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको समग्रमा बुँदाटिपोट क्षमताको पहिचान गर्नु,

ख. विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु,

ग. लैङ्गिकताका आधारमा उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको पहिचान गर्नु,

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

हरेक विषयको आफ्नै महत्त्व रहेको हुन्छ । लेखाइ सिपको लागि प्रमुख क्रियाकलापका रूपमा बुँदा लेखनलाई लिन सकिन्छ । कुनै मैखिक वा लिखित कुराहरू सुनेर वा पढेर त्यसमा भएका मुख्य कुरालाई टिप्ने काम बुँदाटिपोट हो । विद्यार्थीले आफुले पढेका वा सुनेका सबै कुराहरूलाई सम्झन नसक्ने भएकाले मुख्य कुराहरू बुँदागत रूपमा टिप्नाले स्मरण गर्न सहजता हुन्छ त्यसैले लेखन सिपको विकास गराउँदछ ।

अनुसन्धान कार्य आफैमा एक जटिल, महत्त्वपूर्ण र चुनौती पूर्ण कार्य हो । अनुसन्धानले नयाँ कुराको मात्र खोजी नगरी पुराना कुराको पुनरावलोकन वा पुन व्याख्या गर्ने भएकाले यसको आफ्नै महत्त्व रहेको छ । कुनैपनि विषयवस्तुको सत्यतथ्य पत्ता लगाउनु नै अनुसन्धानको सान्दर्भिकता हो । बुँदाटिपोटले मैखिक वा लिखित कुराहरूलाई पढेर वा सुनेर तिनमा भएका मुख्य–मुख्य कुराहरू टिप्नु हो । स्नातकोत्तर तहमा निर्धारित कक्षा र क्षेत्रमा बुँदाटिपोट सम्बन्धी अनुसन्धान नभएकोले अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट सम्बन्धी अध्ययन अनुसन्धान सान्दर्भिक र औचित्यपूर्ण देखिन्छ ।

## १.५ अध्ययनको सीमा

प्रस्तुत शोधपत्रमा निम्नानुसारका सीमा रहेका छन् :

क) अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमा मात्र सीमित रहेको छ ।

ख) प्रस्तुत अध्ययनमा अर्घाखाँची जिल्लाका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयका १०० जना विद्यार्थीमा सीमित रहेको छ ।

ग) प्रस्तुत शोधकार्यका लागि सङ्कलित तथ्याङ्कलाई लैङ्गिकता र विद्यालयको प्रकृतिको आधारमा मात्र विश्लेषण गरिएको छ ।

घ) प्रस्तुत अध्ययनमा १०० जना विद्यार्थीहरूको तथ्याङ्कलाई प्रतिशत मध्यमान र मानक विचलनका आधारमा निकालिएको छ ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत शोधपत्रको सामग्रीलाई व्यवस्थित गर्नको लागि निम्नानुसार रूपरेखा रहेका छन् :

**अध्याय एक** : शोधको परिचय

**अध्याय दुई** : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

**अध्याय तिन** : अध्ययन विधि र प्रक्रिया

**अध्याय चार** : व्याख्या तथा विश्लेषण

**अध्याय पाँच** : सारांश, निष्कर्ष र उपयोगिता

**सन्दर्भसूची**

**परिशिष्ट**

**व्यक्तिवृत्त**

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

अनुसन्धान गर्नु भन्दा पहिले सम्बन्धित विषयमा लेखिएका ग्रन्थ, अनुसन्धान, पत्रपत्रिका तथा श्रव्यदृश्य सामग्री पढेर, सुनेर, अध्ययन गरेर तिनको संक्षिप्त टिप्पणीमूलक समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । यसले अनुसन्धानलाई उपलब्धिमूलक बनाउनुको साथै अनुसन्धानकर्तालाई आफ्नो गन्तब्य पहिचान गर्न सहज र सरल बनाउँछ । अनुसन्धानमा पूर्वकार्यको समीक्षा र प्रारम्भ देखि पूर्ण नभए सम्म निरन्तर गरिरहने कार्य हो । यसले सम्बन्धित विषयमा त्यसपूर्व के कति अध्ययन अनुसन्धान भएका छन् र के कति काम बाँकी छन् भन्ने जानकारी प्रदान गर्दछ र प्रस्तुत शोधपत्रसँग सम्बन्धित विभिन्न पाठयपुस्तक, निबन्ध लेखन, निमन्त्रणा लेखन, सप्रसङ्ग व्याख्या, बुँदाटिपोट क्षमता र सारांश लेखन क्षमताको अध्ययन सँग सम्बन्धित केही पूर्व अध्ययनले यस कार्यलाई सहयोग गर्ने हुँदा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययनलाई अनुसन्धानको रूपमा लिइएको छ ।

प्रस्तुत अध्ययनसँग सम्बन्धित अनुसन्धानहरू विद्यार्थीको बुँदाटिपोट क्षमता सँग सम्बन्धित केही भएका छन् । यहाँ तिनै विद्वान्हरूबाट भएका पुस्तक र शोधपत्रलाई पूर्वकार्यको रूपमा प्रस्तुत गरिएको छ ।

### २.१.१ पुस्तकको समीक्षा

ढुङ्गाना र अन्य (२०६५), द्वारा 'नेपाली व्याकरण र रचना कौशल' शीर्षकमा पुस्तक प्रकाशन भएको छ । उक्त पुस्तकमा सुनेका, भनेका र पढेका कुराहरूको निचोडलाई बुँदाबुँदामा टिप्ने काम नै बुँदाटिपोट हो । लिखित वा मौखिक कुरालाई पछि आफूले स्मरण गर्दा विस्तृतीकरण गर्न सक्ने गरी सुत्रबद्द रूपमा टिपोट गर्नु नै बुँदाटिपोट हो । बुँदाटिपोटले बोधक्षमता, स्मरण क्षमताको विकासमा मद्दत पुऱ्याउनुका साथै लामा अभिव्यक्तिको सार निकाल्न सक्ने दक्षताको विकास गराउँछ ।

दाहाल र जोशी (२०६६), द्वारा 'अनिवार्य नेपाली' शीर्षकमा पुस्तक प्रकाशन भएको छ । उक्त पुस्तकमा पढेका, कसैले भनेका, कतैबाट सुनिएका सारलाई टिप्नुलाई बुँदाटिपोट भनिन्छ । लिखित वा मौखिक अभिव्यक्तिका कुराहरू सम्झन वा जस्ताको तस्तै लेखेर राख्न नसकिने हुँदा बुँदागत रूपमा टिपोट गर्नु नै बुँदाटिपोट हो । कथा, निबन्ध, उपन्यासको साहित्यिक लेखनको बुँदागत रूपमा टिपोट गर्न सकिन्छ । बुँदा टिपोटबाट लिखित वा मौखिक अभिव्यक्तिको सार खिच्ने बानिको विकास हुनुको साथै स्मरण.शक्तिको पनि विकास हुन्छ र लेखन सिपको विकासका साथै बोध क्षमताको विकास गर्न सकिन्छ ।

घिमिरे र अन्य (२०६६), द्वारा 'अनिवार्य नेपाली' शीर्षकमा पुस्तक प्रकाशन भएको छ । उक्त पुस्तकमा कुनै पाठमा रहेको मुख्य कुराको एकाइलाई बुँदा भनिन्छ र बुँदाले विशेष सुचना भएको पाठको महत्त्वपूर्ण अंशलाई वा मूल विषयलाई जनाउँछ । यसरी पाठमा रहेको सारपूर्ण कुरा बुँदा हो भने त्यही बुँदालाई टिपोट गर्नु नै बुँदाटिपोट हो । कुनै सुनेको वा पढेका कुराको सार खिँचेर बुँदागत रूपमा छोटकरीमा टिप्ने कामलाई बुँदाटिपोट भनिन्छ । सुनेका वा पढेका सबै लामा कुरालाई सम्झन नसकिने हुँदा तिनीहरूको सार खिँचेर बुँदागत रूपमा मूलभाव वा आशय टिप्दा उल्लेख गरिएको अनुच्छेद वा लेखलाई राम्ररी पढेर बुझ्नु पर्दछ । अर्काले बोलेका वा लेखिएका कुराहरू बुँदागत रूपमा टिप्ने कठिन कार्य भएतापनि यसले लेखनमा तिव्रता ल्याउने गर्दछ र व्यक्तिगत अध्ययनदेखि कुनै घटना वा समाचार सङ्कलनमा सहयोग पुऱ्याउँदछ ।

पोखेल र ढकाल (२०६७), द्वारा 'अनिवार्य नेपाली' शीर्षकमा पुस्तक प्रकाशन भएको छ । उक्त पुस्तकमा मौखिक वा लिखित अभिव्यक्तिको बोधात्मक एकाइको टिपोटलाई बुँदाटिपोट भनिन्छ । बुँदाटिपोट गर्दा पढेको, सुनेको वा सोचेको कुरालाई सार वा निचोड आउने गरी टिप्ने गर्नु पर्दछ । अनावश्यक शब्दहरू हटाउँदा मात्र सङ्क्षेपीकरण नहुने हुँदा सङ्क्षिप्तता र क्रमिकता विशेषताले युक्त थोरैमा धेरै माग्ने प्रस्तुतिमा अपेक्षित हुन्छ । पठित वा श्रुत भाषिक सङ्कथनका अतिरिक्त आन्तरिक अनुभवका मूलभूत कुराहरू बुझेर तिनलाई बोधात्मक एकाइमा टिप्नु पर्ने हुन्छ । भाषिक अभिव्यक्तिको अर्थलाई पठन वा वाचनद्वारा ग्रहण गर्नु पर्दछ । त्यसपछि सङ्कथनका मुख्य बुँदालाई रेखाङ्कित गर्ने र

रेखाङ्कित बुँदाहरूलाई खेस्रा टिपोट गरी खेस्राको रूपमा टिपिएका बुँदाहरूको सिलसिला मिलाएर पूनलेखन गर्दै चार चरणमा बुँदा टिपोट गर्न सकिन्छ ।

सुवेदी (२०६९), द्वारा 'नेपाली बोध र रचनाशिल्प' शीर्षकमा पुस्तक प्रकाशन भएको छ । उक्त पुस्तकमा कुनै पनि व्याख्या, प्रवचन, भाषण आदि सुनेर त्यसका मुख्य–मुख्य कुराको टिपोट गर्नु मौखिक अभिव्यक्तिको बुँदाटिपोट हो भने लिखित अनुच्छेद, परिच्छेद वा सङ्कथन पढेर त्यसका मुख्य–मुख्य कुराको टिपोट गर्नु लिखित अभिव्यक्तिको बुँदाटिपोट हो । सुन्दै, बुझ्दै , टिप्दै गर्नुपर्ने र बोलेर कुरा पटकपटक सुनेका भरमा टिपोट गर्नुपर्ने हुँदा मौखिक अभिव्यक्तिको बुँदाटिपोट गर्न कठिन हुन्छ भने टिपोट गर्नुपर्ने अंश दोहोऱ्याई तेहेऱ्याई पढन मिल्ने हुँदा लिखित अभिव्यक्तिको बुँदाटिपोट सरल हुन्छ ।

पौडेल (२०७०), द्वारा 'नेपाली भाषा शिक्षण' शीर्षकमा पुस्तक प्रकाशन भएको छ । उक्त पुस्तकमा पठित वा श्रुत अभिव्यक्ति वा सङ्कथन र सोचाइ वा अनुभवका सारभूत कुराहरू बुझी तिनलाई बोधात्मक एकाइहरूमा परिणत गरेर लेख्ने नै बुँदाटिपोट हो । यसमा सङ्कथनका मूलभूत सूचना समावेश हुनुपर्छ । प्रमुख विषयवस्तु छुट्नु हुँदैन र बुँदाटिपोट शब्द, शब्द समूह, चिह्न सङ्केत वा अन्य कुनै रूपमा गर्न सकिन्छ । यसरी गरिएको टिपोटलाई बोधगम्यताका साथ अनुच्छेदको रूप दिन सकिन्छ । बुँदाटिपोट सिलसिलेवार, क्रमबद्ध, स्पष्ट र संक्षिप्त हुनु पर्दछ र असमापिका क्रियापदको प्रयोग हुनुपर्छ ।

### २.१.२ शोधपत्रको समीक्षा

पौडेल (२०६९), द्वारा 'पर्वत जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रको उद्देश्य पर्वत जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन गर्नु, मातृभाषी र दोस्रो भाषी विद्यार्थीहरूबीचको निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु र सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेका छन् । यस शोधपत्रमा सामुदायिक र संस्थागत गरी चारवटा विद्यालयका १०० जना विद्यार्थीहरूलाई नमुना छनोटका रूपमा लिइएको छ । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । यस अध्ययनमा मातृभाषी

विद्यार्थीको भन्दा दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो रहेको विद्यालयको प्रकृतिका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता त्यक्ति सन्तोषजनक नरहेको निष्कर्ष निकालिएको छ ।

राई (२०७२), द्वारा 'ललितपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन' र्शीषकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रको उद्देश्य ललितपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको पहिचान गर्नु , उक्त जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलना गर्नु, छात्र र छात्राको बुँदाटिपोट स्थिति पत्ता लगाउनु रहेका छन् । यस शोधपत्रमा ललितपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीलाई जनसङ्ख्याको रूपमा लिई त्यस जिल्लाभित्रका सामुदायिक र संस्थागत गरी २/२ वटा विद्यालयका २०/२० जनाका दरले ८० जना विद्यार्थीहरू नमुना छनोटमा परेका छन् । दृष्टांश र अदृष्टांश गरी दुईवटा अनुच्छेद दिई सामग्री निर्माण गरिएको छ । यस शोधपत्रमा सामुदायिक र संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता मध्यम खालको देखिएको छ । तुलनात्मक रूपमा हेर्दा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमता कमजोर रहेको देखिन्छ ।

रिजाल (२०७२), द्वारा 'कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन' शीर्षकमा प्रस्तुत शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा उदेश्यहरू कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेख्न क्षमता पत्ता लगाउनु, पहिलो नेपाली भाषा र दोस्रो नेपाली भाषी विद्यार्थीको निमन्त्रणा लेखन क्षमता पत्ता लगाउनु, विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरू बीच निमन्त्रणा लेखन क्षमता पत्ता लगाउनु, निराकरणका उपायहरू सुल्झाउनु रहेका छन् । जसमा चार वटा उच्च मा.वि.का २०/२० जनाका दरले ८० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा र क्षेत्रीय अध्ययन विधिलाई अपनाइ प्राप्त भएको तथ्यङ्कलाई प्रतिशतमा गणना गरी विश्लेषण गरिएको छ र विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता मध्यम रहेको निष्कर्ष निकालिएको छ ।

क्षेत्री (२०७२), द्वारा 'कास्की जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रको

उद्देश्य कास्की जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता कस्तो छ, सामुदायिक र संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति पत्ता लगाउनु, लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको क्षमतालाई पत्ता लगाउनु जस्ता रहेका छन् । कास्की जिल्लाका सामुदायिक र संस्थागत १० वटा विद्यालय र उक्त विद्यालयका ५० छात्र र ५० छात्रा गरी १०० जना विद्यार्थीलाई लिइएको छ भने दृष्टांश र अदृष्टांश अनुच्छेदबाट सामग्री निर्माण गरिएको छ । समग्रमा हेर्दा विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा एकरूपता पाइदैन ।

राई (२०७३), द्वारा 'इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार भएको छ । उक्त शोधपत्रमा इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु, भाषिक पृष्ठभूमि र लिङ्गगत आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु जस्ता उद्देश्यहरू रहेका छन् । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । धेरै विद्यार्थी मध्यमान भन्दा माथि रहेकोले बुँदाटिपोटको क्षमता राम्रो रहेको देखिन्छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलना गर्दा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो भएको पाइयो । नेपाली पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरूको तुलनामा दास्रो भाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमता कमजोर रहेको पाइयो र लैङ्गिकताका आधारमा छात्रको तुलनामा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको छ । सम्पूर्ण आधारलाई विश्लेषण गर्दा सम्पूर्ण विद्यार्थीहरूको क्षमतामा एकरूपता पाइएन । शिक्षकले विद्यार्थीहरूको रुचि, इच्छा र उनीहरूको समस्या पहिचान गरी पर्याप्त अभ्यास गराउनु प्रर्ने देखिन्छ ।

बडवाल (२०७३), द्वारा 'कञ्चनपुर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन' शीषकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रको उद्देश्य कञ्चनपुर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता पत्ता लगाउनु, विद्यालयको प्रकृतिको आधारमा सप्रसङ्ग व्याख्या लेखन क्षमताको स्थिति पहिल्याउनु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको

सप्रसङ्ग व्याख्या लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेका छन् । यस शोधपत्रमा क्षेत्रीय अध्ययन विधिलाई आधार बनाई कञ्चनपुर जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी १० वटा विद्यालयबाट १०० जना विद्यार्थीलाई नमुना छनोटका रूपमा लिई अध्ययनमा प्राप्त तथ्याङ्कलाई मध्यमान र मानक विचलनका आधारका विश्लेषण गरिएको छ । उक्त अध्ययनमा समग्र विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमता सन्तोषजनक रहेको पाइयो ।

पुन (२०७३), द्वारा 'रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न भएको छ । प्रस्तुत शोधपत्रको उद्देश्य रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु, सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलना गर्नु र लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी यस अनुसन्धान सम्पन्न गरिएको छ । समग्रमा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सन्तोषजनक रहको देखिन्छ । संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो । लैङ्गिकताका आधारमा तुलना गरेर हेर्दा छात्राका तुलनामा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो । सम्पुर्ण आधारलाई केलाएर हेर्दा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा एकरूपता पाइएन । त्यसैले सम्बन्धित विषय शिक्षकहरूलाई तालिम दिनुका साथै विषय शिक्षकहरूले पनि विद्यार्थीहरूको रुचि, चाहाना, इच्छा, आवश्यकता र समस्यालाई ख्याल गरी विद्यार्थीहरूको बुँदाटिपोट क्षमता बृद्धि गर्ने प्रशस्त मात्रामा कार्यकलापहरू गराउनु आवश्यक देखिन्छ ।

मगर (२०७४), द्वारा 'सुर्खेत जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट र सारांश लेख्न क्षमता' शीर्षकमा शोधपत्र लेखिएको छ । उक्त शोधपत्रको उद्देश्य सुर्खेत जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट र सारांश लेखन क्षमताको अध्ययन गर्नु, विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट र सारांश लेखन क्षमताको तुलनात्मक अवस्था पत्ता लगाउनु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको

बुँदाटिपोट र सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । उक्त अध्ययनमा सुर्खेत जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी १० वटा विद्यालय र उक्त विद्यालयमा अध्ययन गर्ने प्रत्येक विद्यालयबाट छात्र ५ र छात्रा ५ गरी जम्मा १०० जना विद्यार्थीहरू नमुनाका रूपमा छनोट गरिएको छ भने क्षेत्रीय विधिको प्रयोग गरिएको छ । समग्रमा सारांश लेखन क्षमता भन्दा बुँदाटिपोट क्षमता राम्रो देखिन्छ । सामुदायिक र संस्थागत विद्यालयका आधारमा तुलना गर्दा संस्थागत विद्यालयका विद्यार्थी भन्दा सामुदायिक विद्यालयका विद्यार्थीको राम्रो रहेको छ भने सारांश लेखन सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको क्षमता राम्रो रहेको छ । सामुदायिक विद्यालयका विद्यार्थीको बुँदाटिपोट र संस्थागत विद्यालयका विद्यार्थीको सारांश लेखनमा राम्रो रहेको छ । छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोटमा बराबर रहेको र सारांश लेखनमा छात्रको तुलनामा छात्राको राम्रो रहेको पाइयो । सामुदायिक विद्यालयका विद्यार्थीहरूको भाषिक शुद्धता नभएको पाइएकोले विषय शिक्षक वा तल्लो स्तरको कक्षा देखि नै सामुदायिक स्तरको विद्यालयहरूमा दक्ष, अनुभवी, विज्ञ र तालिम प्राप्त शिक्षकको अभाव रहेको अनुसन्धानबाट देखिन्छ ।

पोखरेल (२०७४), द्वारा 'झापा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार भएको छ । उक्त शोधपत्रको उद्देश्य झापा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु, सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलना गर्नु र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलना गर्नु रहेका छन् । यो शोधपत्र क्षेत्रीय अध्ययन विधिमा आधारित रहेको छ र दशका विद्यार्थीहरूलाई दश कक्षाकै किताववाट दृष्टांश र अदृष्टांश अनुच्छेद दिएर बुँदाटिपोट गर्न लगाइएको छ । २ वटा सामुदायिक र २ वटा संस्थागत विद्यालयका २५/२५ जनाका दरले १०० जना विद्यार्थीलाई नमुना छनोटका रूपमा लिइएको छ । पठनपाठनमा एकरूपता नभएकोले सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमता सन्तोषजनक नरहेको पाइयो । विद्यालयको प्रकृतिका आधारमा संस्थागत विद्यालयको तुलनामा

सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो । लैङ्गिक आधारमा छात्रा भन्दा छात्र विद्यार्थीहरूको क्षमता राम्रो रहेको छ भने भाषिक पृष्ठभूमिका आधारमा मातृभाषी नेपाली भन्दा विमातृभाषी नेपाली भएका विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो । विद्यार्थीहरू बुँदाटिपोट क्षमतामा एकरूपता नभएकोले शिक्षकले सबै विद्यार्थीको रुचि, इच्छा र समस्यालाई ध्यानमा राखी विद्यार्थीको बुँदाटिपोट क्षमतामा बृद्धि गर्न प्रशस्त अभ्यास गराउनु पर्ने देखिन्छ ।

चन्द (२०७४), द्वारा 'बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार भएको छ। उक्त शोधपत्रको उद्देश्य बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता पत्ता लगाउनु, भाषिक र लैङ्गिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक विश्लेषण गर्नु जस्ता रहेका छन् । बाँके जिल्लाका कक्षा नौमा अध्ययन गर्ने ५ वटा सामुदायिक विद्यालयका १०० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरिएको छ । प्रतिशतका आधारमा ५ श्रेणीमा विभाजन गरिएको छ भने मध्यमानका आधारमा मध्यमान भन्दा कम र मध्यमान भन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरूको संख्यालाई निकालिएको छ ।

वि.क. (२०७४), द्वारा 'प्युठान जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रको उद्देश्य प्युठान जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको समग्र विश्लेषण गर्नु, विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गर्नु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । जसमा सामुदायिक र संस्थागत गरी ४ वटा विद्यालयबाट जम्मा ८० जना विद्यार्थीहरूलाई छनोट गरिएको छ । दुवै विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमताको तुलना गरेर हेर्दा संस्थागत विद्यालय भन्दा सामुदायिक विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो रहेको छ भने लैङ्गिकताका आधारमा छात्र विद्यार्थीको तुलनामा छात्राको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइएको छ ।

## २.२ पूर्वअध्ययनको महत्त्व

जुनसुकै कार्यलाई सफल र प्रभावकारी रूपमा अगाडि बढाउन त्यससँग सम्बन्धित पूर्वकार्यहरूको अध्ययनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । त्यसर्थ शोधकार्यलाई पनि चुस्त र दुरुस्त रूपमा अगाडि बढाउन त्यस कार्यसँग सम्बन्धित पूर्वअध्ययनको खाँचो पर्दछ । पूर्व अध्ययनको नयाँ कार्यले सही दिशामा हिड्न मद्दत गर्दछ । पूर्व अध्ययनको महत्त्वलाई निम्न बुँदामा प्रस्तुत गर्न सकिन्छ :

क) पूर्व अध्ययनको समीक्षाले समस्यालाई राम्ररी बुझ्न, विश्लेषण गर्न शीर्षक चयनमा सहयोग गर्दछ ।

ख) यो प्राक्कल्पना निर्माण गर्न, अनुसन्धानका उद्देश्यहरू निर्धारण गर्न र अनुसन्धान पद्धति निक्यौंल गर्न सहयोगी हुन्छ ।

ग) यो अनुसन्धानलाई उपलब्धिमूलक बनाउन, नवीन धारणा पहिल्याउन, नयाँ सिद्धान्तको खोजी गर्न उपयोगी हुन्छ ।

घ) सम्बन्धित विषयको गहिरो ज्ञान गर्न विश्वसनीय र वैध बनाउन उपयोगी हुन्छ ।

ङ) अनुसन्धानको ढाँचा निर्धारण गर्न उपयुक्त र अनुकूल उपकरणको छनोट गर्न उपयोगी हुन्छ ।

च) पहिले भएका अध्ययनको विश्लेषण गर्न र भविष्यमा गर्न सकिने अनुसन्धानका श्रेय पत्ता लगाउन यसको महत्त्व हुन्छ ।

## २.३ बुँदाटिपोटको सैद्धान्तिक परिचय

### २.३.१ परिचय

भाषा मानविय सामाजिक वस्तु हो । मानिस यसको प्रयोग भाषिक समुदायका बीच समाजमा गर्दछ । भाषा विचार, अनुभूती र अनुभवलाई आदान - प्रदान गर्ने साधन हो । भाषाको मैखिक र लिखित रूप हुन्छन् । मौखिक भाषा बोलचाल भाषा हो भने लिखित भाषा पढाइ र लेखाइको भाषा हो । मौखिक भाषा ध्वनि वा बोलीको माध्यमबाट हुन्छ भने

लिपिका माध्यमबाट प्रकट हुने भाषा लिखित हो । सुनाइ र बोलाइ मौखिक भाषासँग र पढाइ र लेखाइ लिखित भाषासँग सम्बन्धित हुन्छन् । ध्वनि, वर्ण र अक्षर भाषाका आधारभुत तत्त्व हुन् । भाषिक ध्वनिले वर्ण र अक्षरको स्वरूप लिएपछि भाषाका रूपमा प्रस्तुत हुन्छ ।

कुनै पनि लेख, कथा, उपन्यास, प्रवचन र कसैको भाषण सुनेर बोध वा अभिव्यक्ति गरिन्छ । यसरी लेख वा प्रवचनलाई जस्ताको तस्तै बोध र अभिव्यक्त गर्न नसक्ने हुँदा मुख्य–मुख्य कुराहरूको टिपोट गरी उक्त लेखको सम्पूर्ण विवरणलाई थाहाँ पाउन सकिन्छ । लेखहरूलाई बोध र अभिव्यक्त गर्नका लागि बुँदाटिपोट महत्त्वपूर्ण हुन्छ । कुनै पनि पुस्तक, लेखको मुख्य मर्मलाई बुझेर बुँदागत रूपमा तिनीहरूलाई टिपोट गर्नाले बुँदाटिपोटको लागि सजिलो हुने गर्दछ । प्रत्येक रचनामा एउटा मात्र नभई मूल र गौण गरी दुई बुँदाहरू रहेका हुन्छन् । जसमा मूल र गौण बुँदाहरूको पहिचान गरी गौण बुँदाहरूलाई छाडी मूल बुँदाहरू टिप्ने प्रक्रियालाई नै बुँदाटिपोट भनिन्छ । (खनिया र अन्य २०७२) । बुँदाटिपोटले मौखिक र लिखित दुवै अभिव्यक्तिको सार छुट्याउन सक्ने कलाको विकास गर्छ ।

अध्ययनका क्रममा पढेका र सुनेका सम्पूर्ण कुराहरू सम्झन कठिन हुने भएकाले पढेका र सुनेका रचना वा कृतिलाई टिपोटका रूपमा सारसङ्ग्रह गर्नका लागि बुँदाटिपोट सहयोगी हुन्छ (दाहाल, २०६१) । पठित वा श्रुती अभिव्यक्ति वा सङ्कथन र सोचाइ अथवा अनुभवका सारभूत कुराहरू बुझी तिनलाई बोधात्मक एकाइहरूमा परिणत गरेर लेख्नु नै बुँदाटिपोट हो । यसमा सङ्कथनका मूलभूत सुचनाहरू समावेश हुने गर्दछन् । प्रमुख विषयवस्तुहरूलाई छुटाउनु हुँदैन । बुँदाटिपोटलाई शब्द, शब्द समूह, चिह्न सङ्केत वा अन्य रूपमा गर्न सकिन्छ । यस्तो टिपोटलाई न्यूनतम बोधगम्यताका साथ अनुच्छेदको रूप दिन सकिन्छ । बुँदाटिपोटमा क्रमबद्ध, सिलसिलावार, स्पष्ट, संक्षिप्त र असमापिका क्रियापदको प्रयोग भएको हुनुपर्दछ र बुँदाटिपोटले बोधक्षमता, स्मरण क्षमताको विकासमा मद्दत पुऱ्याउनुका साथै लामा अभिव्यक्तिको सार निकाल्न सक्ने क्षमताको विकास गराउँछ ।

भाषा मानविय र सामाजिक वस्तु हो । भाषा मौखिक र लिखित दुई माध्यमको हुन्छ । भाषा शिक्षण बोध र अभिव्यक्ति वा ग्रहण र प्रकटन सिप सबल बनाउने शिक्षण भएकाले भाषाको संरचना र व्याकरणको सैद्धान्तिक ज्ञानमा जोड नदिई प्रयोग सन्दर्भमा

जोड दिनुपर्दछ । भाषिक सिप सम्बन्धी सामर्थ्य अभिवृद्धि गर्नु यसको मूल मर्म भएकाले यसले बिषयवस्तु र शैली अनुभव बढाउन अभ्यास र प्रयोग पक्षमा जोड दिन्छ ।

बुँदाटिपोट गर्दा मूलत चार कुरामा ध्यान दिनु पर्दछ । भाषिक अभिव्यक्तिको अर्थलाई पठन वाचन गरी ग्रहण गर्ने र त्यसपछि पाठमा भएका मुख्य–मुख्य बुँदा ठम्याइ रेखाङ्कित गर्नु पर्दछ । रेखाङ्कित गरेका बुँदाहरूलाई खेस्रा टिपोट गर्ने र अन्तिममा खेस्राको रूपमा टिपेका बुँदाहरूलाई सिलसिला मिलाएर पूनलेखन गरी बुँदाटिपोट गरिन्छ । (पोखेल र ढकाल २०६७ : १९१) बुँदा टिपोट गर्दा ग्रहण र अभिव्यक्ति दुवैको आवश्यकता पर्ने र उक्त पाठबाट मुख्य कुराको पहिचान गर्नाले लेखन क्षमतामा बृद्धि गर्दछ । कक्षामा पढ्दा शिक्षकले बोलेका कुरा टिपोट गर्नाले पछिसम्म सम्भनको लागि मद्दत गर्दछ । बुँदाटिपोटले मौखिक र लिखित अभिव्यक्तिका लागि अध्ययन गरेर खदिलो पूर्वाधार वा रूपरेखा बनाउन सहयोग गर्दछ ।

### २.३.२ परिभाषा

कुनैपनि विषय वा कुराहरूलाई बुँदागत रूपमा लेख्नु नै बुँदाटिपोट हो । बुँदाटिपोट सिलसिलेबार, क्रमवद्ध, स्पष्ट र संक्षिप्त हुनुपर्छ । बुँदाटिपोट सम्बन्धित परिभाषाहरू निम्न छन् :

पाठमा रहेको गाँठी पा सारपूर्ण कुरो बुँदा हो भने त्यही बुँदालाई टिपोट गर्नु नै बुँदाटिपोट हो (घिमिरे नरहरि र अन्य, २०६६ : १६३) । ज्ञानका क्षेत्रहरू विस्तारित भई स्रोत र माध्यमबाट विद्यार्थीले सुनेका र पढेका अनेक सूचना र जानाकारीलाई निरन्तर राख्न नसकिने हुनाले सूचनालाई सम्भनका लागि बुँदाटिपोटले सहयोग गर्दछ (सुवेदी : २०६९ : १५६ । पठित वा श्रुतिभाषिक अभिव्यक्ति वा सङ्कथनका साथै सोचाइ र अनुभवका सारभूत कुरालाई बुझी तिनलाई बोधात्मक एकाइमा लेख्नु नै बुँदाटिपोट हो (शर्मा र पौडेल, २०६८ : १८४) ।

यसरी बुँदाटिपोटका सम्बन्धमा विभिन्न विद्वानहरूले विभिन्न दृष्टिकोणहरू व्यक्त गरेको पाइन्छ । बुँदाटिपोटमा सङ्कथनका मूलभूत सूचनाहरू समावेश हुनुपर्छ साथै प्रमुख विषयवस्तु छुट्नु हुँदैन । बुँदाटिपोट गर्ने क्रममा सुरूमा नमुनाहरू दिनुपर्छ र यो एउटा

कला हो । यसरी लेखनकला सिपको विकासका लागि बुँदाटिपोटको महत्त्वपूर्ण भूमिका रहन्छ ।

## २.४ बुँदाटिपोटको प्रयोजन

सुनेका, भनेका र पढेका कुराहरूको निचोडलाई बुँदाबुँदामा टिप्ने काम नै बुँदाटिपोट हो । लिखित वा मौखिक कुराहरूलाई पछि आफूले स्मरण गर्दा विस्तृतीकरण गर्न सक्ने गरी सूत्रबद्ध रूपमा टिपोट गर्नु नै वास्तवमा बुँदाटिपोट हो । यसले बोधक्षमता, स्मरण क्षमताको विकासमा मद्दत पुऱ्याउनुका साथै लामा अभिव्यक्तिको सार निकाल्न सक्ने दक्षताको विकास गराउँछ ।

## २.५ बुँदाटिपोट गर्दा ध्यान दिनुपर्ने कुराहरू

हामीले कुनैपनि लेख वा रचनाका बारेमा बुँदाटिपोट गर्दा निम्न कुराहरूमा ध्यान दिनुपर्दछ ।

क) सम्बद्ध पाठयांशको भावबोध स्पष्ट नभएसम्म राम्ररी पटक पटक सम्म पढ्ने,

ख) उक्त अनुच्छेद पढिसकेपछि मुख्य–मुख्य कुरा ठम्याएर रेखाङ्कित गर्ने,

ग) रेखाङ्कित गरिएका शब्द वा शब्दावलीबाट खेस्रा बुँदाटिपोट गर्ने,

घ) मूल कुरा छुटेको छ भनेर जाँच्नको लागि मूलपाठ र खेस्रा मिलाई हेर्ने,

ङ) टिपिएका बुँदालाई मूलपाठबाट बाहिर जान नदिन संशोधन र परिमार्जन गर्ने,

च) परिमार्जन गरेपछि खेस्रालाई शुद्ध, स्पष्ट र सरल भाषामा साफी गर्ने र तोकिएको सङ्ख्यामा अन्तिम रूप तयार पार्ने,

छ) बुँदाहरूलाई समेट्ने गरी उचित शीर्षक दिने,

ज) बुँदाहरू अपूर्ण वाक्यांशकै रूपमा राखी बुँदाटिपोट गर्नु पर्दछ । यसरी यी कुराहरूलाई ध्यानमा राखी बुँदाटिपोट गर्नुपर्दछ ।

## २.६ बुँदाटिपोटका विशेषताहरू

बुँदाटिपोटको बिशेषतालाई बुँदागत रूपमा यसरी राखिएको छ :

क) कुनै अनुच्छेदबाट बुँदाटिपोट गर्दा बुँदाहरूमा सङ्क्षिप्तता हुनुपर्छ ।

ख) टिपिएका बुँदाहरूमा पूर्णता हुनु आवश्यक हुन्छ ।

ग) बुँदाहरू स्पष्ट लेखिएको हुनुपर्छ ।

घ) बुँदाहरू क्रमबद्ध तरिकाले लेखिएको हुनुपर्छ ।

ङ) बुँदाहरूमा मौलिकता र समास शैलीको प्रयोग हुनुपर्छ ।

च) बुँदा टिपोट सोझो भनाइको प्रयोग भएको हुनुपर्छ ।

छ) एकल शब्दको प्रयोग भएको हुनुपर्छ ।

ज) बुँदाटिपोटमा मितव्ययिता र गहनता हुनुपर्छ ।

## २.७ लेखाइ शिक्षणको आवश्यकता र महत्त्व

सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषाका आधारभूत सिप हुन् । सुनाइ र पढाइ ग्रहणात्मक वा आदानात्मक सिप हुन भने बोलाइ र लेखाइ अभिव्यक्ति वा प्रदानात्मक सिप हुन् र सुनाइ र बोलाइ मौखिक सिप हुन् भने पढाइ, लेखाइ लिप्यात्मक सिप हुन । सुनाइ, बोलाइ, पढाइ र लेखाइको सिपले भाषिक सिपमा विकास हुने गर्दछ । भाषिक सिपको विकास नै भाषिक कलाको विकास हो । भाषिक सिपको विकासका लागि श्रवण, वक्तृत्व, पठन, वाचन र लेखनकलाको आवश्यकता पर्दछ । भाषिक सिप विकासका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइ मध्ये लेखाइ महत्त्वपूर्ण छ । लेखाइको माध्यमबाट गरिने मानवीय विचार र भावलाई शब्दमा सुरक्षित राख्नका लागि बुँदाटिपोटको आवश्यकता पर्दछ ।

सुनेका वा पढेका कुराको सार खिँचेर बुदाँगत रूपमा छोटकरीमा स्पष्टसँग टिप्ने कामलाई बुँदाटिपोट भनिन्छ । सुनेका वा पढेका सबै लामा कुरालाई सम्झन नसकिने हुँदा तिनीहरूको सार खिँचेर बुँदागत रूपमा टिपेर राख्दा स्मरण गर्न सजिलो हुन्छ । बुँदागत रूपमा मूलभाव टिप्दा उल्लेख गरिएको अनुच्छेद वा लेखलाई राम्ररी पढेर बुझ्नु आवश्यक हुन्छ । अरूले बोलेका वा लेखेका कुराहरूलाई बुँदागत रूपमा टिप्न कठिन हुने गर्दछ तर

यसको प्रयोगले लेखनमा तीव्रता ल्याउनुका साथै स्मरण गर्ने शक्तिमा सहयोग पुऱ्याउने गर्दछ । यसको प्रयोगले व्यक्तिगत अध्ययनको सँगै कुनै घटना वा समाचारलाई सङ्कलन गर्नका लागि यसले ठुलो सहयोग गर्ने गर्दछ ।

भाषाको अभिव्यक्तिको माध्यम मौखिक र लिखित गरी दुई प्रकारका हुन्छन् । मौखिक भाषाको माध्यम उच्चारण र श्रव्य प्रक्रियाबाट गरिन्छ । वक्ता र स्रोताको बीचमा यसको प्रयोग गरिन्छ । कुनै पनि मानवले लिखित भाषाको माध्यमबाट ज्ञानविज्ञानका कुराहरूलाई लामो समय सम्म सुरक्षित गरेर राख्न सक्छ । बुँदाटिपोट गर्ने कार्यबाट लिखित वा मौखिक अभिव्यक्तिको सारसंङ्क्षेप खिच्ने बानीको विकास हुनुका साथै स्मरण क्षमताको विकास हुन्छ र लेखन सीपमा दक्षता बढ्न सक्छ । कुनै वक्ताले भनेका सम्पूर्ण कुराहरू टिप्न गाह्रो हुने भएकाले मूल कुरा टिपेपछि सम्झन सजिलो बनाउनका लागि र आफुले कुनै लेख रचना, पुस्तक लेखन कार्यका लागि पूर्वयोजना बनाउन यसको महत्त्वपूर्ण भूमिका हुन्छ त्यसैले बुँदाटिपोट क्षमताको आवश्यकता पर्दछ ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ विषय प्रवेश

अनुसन्धानका लागि आवश्यक सामग्रीहरूको स्रोत, सामग्रीको सङ्कलन र त्यसको परीक्षण एंवम सत्यापन सम्मको समग्र प्रक्रियालाई शोधविधि भनिन्छ । यसका लागि सामग्री सङ्कलनको विधि, प्रक्रिया र अध्ययन विश्लेषणको सैद्धान्तिक आधार तयार गर्नु पर्दछ । अध्ययनलाई सार्थक र निष्कर्षमा पुऱ्याउनका लागि विभिन्न विधि प्रक्रियालाई अपनाउनु पर्दछ । यो एउटा औपचारिक र जटिल कार्य हो । यो वैज्ञानिक प्रक्रियाको हुन्छ र कुनै सिद्धान्तको खोजी गर्ने प्रयास गरिएको हुन्छ । यस अध्यायमा शोधपत्र तयार पार्दा अनुसन्धान ढाँचा, अनुसन्धानका विषय, तथ्याङ्कका स्रोतहरू, तथ्याङ्क सङ्कलन र विश्लेषण, प्रक्रिया सम्बन्धी स्पष्ट पारिएको छ ।

## ३.२ अध्ययनको ढाँचा

यो शोधकार्यमा मुख्यत क्षेत्रीय विधिलाई आधार मानी प्रस्तुत अध्ययनलाई पुरा गरिएको छ । अनुसन्धान अध्ययनका क्रममा जनसङ्ख्याको पहिचान, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलनका साधनहरू, सङ्कलित तथ्याङ्कको व्याख्या विश्लेषणबाट अनुसन्धेय सामग्रीको परीक्षण गरिएको छ । क्षेत्रगत आधारमा अर्घाखाँची जिल्लामा रहेका सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको अध्ययन मार्फत अगाडि बढाइएको छ । त्यसकारण प्रस्तुत अध्ययनलाई निष्कर्षमा पुऱ्याउनका लागि निम्न विधि र सामग्री सङ्कलन गरी तथ्याङ्कलाई व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.३ जनसङ्ख्याको पहिचान

यस अनुसन्धानमा अर्घाखाँची जिल्लाका शैक्षिक सत्र २०७५ सालमा कक्षा आठमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ । प्रस्तुत शोधपत्रमा सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याको परिधिभित्र समेट्न नसक्ने भएकाले सम्पूर्ण विद्यार्थीको प्रतिनिधित्व हुने गरी अर्घाखाँची जिल्ला भित्रका सामुदायिक ५ र संस्थागत ५ गरी १० वटा

विद्यालय प्रत्येक विद्यालयबाट छात्र ५ र छात्रा ५ जनाका दरले १०० जना विद्यार्थीहरूलाई जनसङ्ख्याको प्रतिनिधि नमुना छनोटका रूपमा समावेश गरिएको छ ।

## ३.४ प्रतिनिधि नमुना छनोट

प्रस्तुत अध्ययन अनुसन्धानमा कक्षा आठमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई जनसङ्ख्याको परिधिभित्र समावेश गराउन नसकिने भएकाले सम्पूर्ण विद्यार्थीहरूको प्रतिनिधित्व गर्ने किसिमले केही विद्यार्थीलाई नमुना छनोट गरिएको छ । जसमा अर्घाखाँची जिल्ला भित्रका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालय गरी १० विद्यालय र प्रत्येक विद्यालयबाट छात्र र छात्रा १०/१० जना गरी जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएको छ ।

## ३.५ सामग्री सङ्कलनका स्रोत

कुनै पनि अनुसन्धानको प्रकृतिका आधारमा तथ्याङ्क सङ्कलन गर्नु पर्दछ । यस अध्ययनको प्रकृति विद्यार्थीहरूको लेख वा कलाको परीक्षण गरी तथ्यहरू सङ्कलन गर्नु प्रने भएको हुनाले सोही अनुसारको सामग्री निमार्ण गर्नु आवश्यक देखियो ।

### ३.५.१ प्राथमिक स्रोत

प्राथमिक स्रोतका सामग्री निम्न प्रकारले निर्माण गरिएको छ :

क) प्रश्न निर्माण

प्रस्तुत शोधपत्रको तथ्याङ्क सङ्कलनका लागि कक्षा आठका विद्यार्थीहरूका लागि कक्षा आठकै किताबबाट दृष्टांश अनुच्छेद र अर्को एउटा पुस्तक बाहिरबाट अदृष्टांश अनुच्छेदबाट प्रश्न निर्माण गरिएको छ ।

ख) पूर्व परीक्षण

प्रस्तुत शोधपत्र लेखनको क्रममा प्रश्नहरू निर्माण गरी एउटा विद्यालयमा अध्ययरत विद्यार्थीहरूलाई दृष्टांश र अदृष्टांश गरी २/२ वटा अनुच्छेद दिइएको थियो जसमध्ये विद्यार्थीहरूको उत्तर पुस्तिका परिक्षण गर्दा परिशिष्ट 'ख' मा रहेको एउटा कक्षा आठकै किताबबाट दृष्टांश अनुच्छेद र अर्को नयाँ पत्रिकाबाट अदृष्टांश अनुच्छेदलाई सरल तरिकाले

बुदाँटिपोट गरेका कारण पूर्ण परीक्षणबाट परिशिष्ट 'ख'मा रहेको अनुच्छेद नै छनोटमा परेको छ ।

### ग) मूल्याङ्कन प्रक्रिया

प्रस्तुत अध्ययनको मूल्याङ्कन प्रक्रियाका क्रममा समग्रताका आधारमा, विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन, लैङ्गिकताका आधारमा छात्र र छात्राको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ र सङ्कलन गरिएका सामग्रीहरूको उत्तरहरू सङ्कलन गरी भाषिक शुद्धतामा १ (एक) अङ्क मूलभावमा २ (दुई) अङ्क मौलिकतामा १ (एक) अङ्क र क्रमबद्धतामा १ (एक) अङ्क गरी जम्मा ५ (पाँच) अङ्क प्रदान गरिएको छ र विद्यार्थीले प्राप्त गरेको अङ्कलाई ५ श्रेणीमा विभाजन गरी जसमा ०-१९ प्राप्ताङ्क ल्याउने अति निम्न, २०-३९ प्राप्ताङ्क ल्याउने निम्न, ४०-५९ प्राप्ताङ्क ल्याउने मध्यम, ६०-७९ प्राप्ताङ्क ल्याउने उत्तम र ८०-१०० प्राप्ताङ्क ल्याउने अति उत्तम गरी छुट्याई मध्यमान, प्रतिशत र मानक विचलका आधारमा छुट्याई विश्लेषण गरिएको छ ।

यसरी सङ्कलन गरेको तथ्याङ्कलाई परिक्षण गरी परिशिष्ट 'क' मा सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको नाम र सम्पूर्ण विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई राखिएको छ भने परिशिष्ट 'ख' मा कक्षा आठका विद्यार्थीहरूका लागि कक्षा आठकै किताबबाट दृष्टांश अनुच्छेद दिइएको छ भने अर्को एउटा पुस्तक बाहिरबाट अदृष्टांश अनुच्छेदबाट दिइएका प्रश्नपत्रलाई आधारमानी अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययनलाई मूल्याङ्कन प्रक्रियाका रूपमा राखिएको छ ।

### ३.५.२ द्वितीयक स्रोत

प्रस्तुत अध्ययनमा द्वितीयक स्रोतका रूपमा शोधपत्र, पुस्तक, पाठ्यपुस्तक आदिलाई उपयोग गरिएको छ । साथै शोध कार्यलाई परिणाममुखी बनाउन सम्बन्धित भाषाका विज्ञहरू, गुरुवर्ग तथा शोधनिर्देशकको सल्लाह र मार्गनिर्देशनलाई द्धितीयक स्रोतका रूपमा लिइएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण

प्रस्तुत अध्ययनको उद्देश्य अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको बुँदाटिपोट क्षमताको अध्ययन भएको हुँदा यस अध्ययनमा सम्बन्धित विद्यालयका नेपाली विषयका शिक्षक र अन्य शिक्षकहरू तथा विद्यार्थीसँग सम्पर्क गरी उक्त विषयमा निर्धारित समय र अनुच्छेद दिई बुँदाहरू टिप्न प्रेरित गरिएको छ ।

त्यसपछी उत्तर सङ्कलन गरी भाषिक शुद्धतामा १ (एक) अङ्क मूलभावमा २ (दुई) अङ्क मौलिकतामा १ (एक) अङ्क र क्रमबद्धतामा १ (एक) अङ्क गरी जम्मा ५ (पाँच) अङ्क प्रदान गरिएको छ र विद्यार्थीले प्राप्त गरेको अङ्कलाई ५ श्रेणीमा विभाजन गरी जसमा ०–१९ प्राप्ताङ्क ल्याउने अति निम्न, २०–३९ प्राप्ताङ्क ल्याउने निम्न, ४०–५९ प्राप्ताङ्क ल्याउने मध्यम, ६०–७९ प्राप्ताङ्क ल्याउने उत्तम र ८०–१०० प्राप्ताङ्क ल्याउने अति उत्तम गरी मध्यमान, प्रतिशत र मानक विचलनमा छुट्याई विश्लेषण गरिएको छ ।

यहाँ सबै तथ्याङ्कलाई आधार मानि हेर्दा ४.१ समग्रताका आधारमा १०० जना विद्यार्थीको मध्यमान, प्रतिशत र मानक विचलनलाई आधार मान्दा तालिका १–३ सम्म र चित्र १ मा माथिल्लो श्रेणीमा १० प्रतिशत, तल्लो श्रेणीमा २१ प्रतिशत, मध्ये श्रेणीमा २२ र उच्च श्रेणीमा २६ प्रतिशत रहेको छ भने मध्यमान २.७६ र मानक विचलन ०.७१ रहेकोले बुँदाटिपोट क्षमता ठिकै रहेको पाइयो भने विद्यालयको प्रकृतिका आधारमा ं सामुदायिक र संस्थागत विद्यालयलाई आधार मान्दा ४.२ मा रहेको तालिका नं. ४ देखि ७ सम्म र चित्र २ र ३ मा भएको तथ्याङ्कलाई आधार मानि हेर्दा सामुदायिक र संस्थागत विद्यालयलाई तुलना गर्दा सामुदायिक भन्दा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो । त्यसैगरी लैङ्गिकताका आधारमा छात्र र छात्रालाई तुलना गरेर हेर्दा ४.३ मा रहेको तालिका नं. ८ देखि १२ सम्म र चित्र ४ र ५ लाई आधार मानि हेर्दा छात्र विद्यार्थीको भन्दा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो ।

यसरी उक्त तथ्याङ्क विश्लेषण र मूल्याङ्कनका लागि विभिन्न कुरालाई आधार मानि समग्रताका आधारमा बुँदाटिपोट क्षमताको अध्ययन, विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालय र विद्यालयको लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ । उक्त आधारमा विद्यार्थीको

प्राप्ताङ्कको मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा बुँदाटिपोट क्षमताको व्याख्या र विश्लेषण गरिएको छ ।

मध्यमानको सूत्र

$$(\overline{X}) = \frac{\Sigma X}{N}$$

# अध्याय चार

## व्याख्या तथा विश्लेषण

प्रस्तुत अध्ययन अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको बुँदाटिपोट क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । उक्त जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालय गरी १० वटा विद्यालयमा अध्ययनरत छात्र ५ र छात्रा ५ गरी जम्मा १०० जना विद्यार्थीहरूलाई छनोट गरिएको छ । यसमा प्रत्येक विद्यार्थीलाई अनुच्छेद दिई बुँदाटिपोट गर्न लगाई सामग्री सङ्कलन गरी प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा छनोट गरिएको छ ।

यस अध्ययन अर्घाखाँची जिल्लाका सामुदायिक र संस्थागत विद्यालयमा कक्षा आठमा अध्ययनरत विद्यार्थीलाई बुँदाटिपोट गर्न लगाई सामग्री सङ्कलन गरिएको छ । उक्त उत्तर पुस्तिकालाई परीक्षण गर्दा उत्तर सङ्कलन गरी भाषिक शुद्धतामा १ (एक) अङ्क मूलभावमा २ (दुई) अङ्क मौलिकतामा १ (एक) अङ्क र क्रमबद्धतामा १ (एक) अङ्क गरी जम्मा ५ (पाँच) अङ्क प्रदान गरिएको छ र विद्यार्थीले प्राप्त गरेको अङ्कलाई ५ श्रेणीमा विभाजन गरी जसमा ०-१९% ल्याउने अति निम्न, २०-३९% ल्याउने निम्न, ४०-५९% ल्याउने मध्यम, ६०-७९% ल्याउने उत्तम र ८०-१००% ल्याउने अति उत्तम गरी छुट्याई प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा छलफल तथा विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्यायमा प्राप्त भएको तथ्याङ्कलाई विद्यालयको समग्रताका आधारमा, विद्यालयको प्रकृतिको आधारमा र लैङ्गिकताका आधारमा छुट्टाछुट्टै शीर्षक राखी छललफल र विश्लेषण गरिएको छ ।

### ४.१ समग्रताका आधारमा बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयका १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीलाई बुँदाटिपोट क्षमताका आधारमा मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा विद्यार्थीको मूल्याङ्कन गरिएको छ । प्रतिशतका आधारमा मूल्याङ्कन गर्दा ५ वटा श्रेणीमा विभाजन गरिएको छ । मध्यमानका आधारमा मूल्याङ्कन गर्दा मध्यमान भन्दा कम र मध्यमान भन्दा

बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या निकाली मानक विचलनका आधारमा बुँदाटिपोट क्षमताको व्याख्या विश्लेषण गरिएको छ । यस आधारमा अर्घाखाँची जिल्लाका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति निम्नानुसार प्रस्तुत गरिएको छ ।

क) **प्रतिशतका आधारमा**


तालिका नं. १

| **विद्यार्थी सङ्ख्या** | ०–१९% | | २०–३९% | | ४०–५९% | | ६०–७९% | | ८०–१००% | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अति निम्न | | निम्न | | मध्यम | | उत्तम | | अति उत्तम | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | २१ | २१ | ३६ | ३६ | २२ | २२ | ११ | ११ | १० | १० |

माथि दिइएको तालिकामा अर्घाखाँची जिल्लाका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयका कक्षा आठमा अध्ययनरत १०० जना विद्यार्थीको समग्रताका आधारमा बुँदाटिपोट क्षमताको प्रतिशताङ्कका आधारमा देखाइएको छ । जसका आधारमा अति निम्न अङ्क (०–१९%) ल्याउने विद्यार्थी सङ्ख्या २१ जना प्रतिशत २१ रहेको छ । निम्न अङ्क (२०–३९%) ल्याउने विद्यार्थी सङ्ख्या ३६ जना प्रतिशत ३६ रहेको छ भने मध्यम अङ्क (४०–५९%) ल्याउने विद्यार्थी सङ्ख्या २२ जना प्रतिशत २२ रहेको छ त्यसैगरी उत्तम अङ्क (६०–७९%)ल्याउने विद्यार्थी सङ्ख्या ११ जना प्रतिशत ११ रहेको छ र अति उत्तम अङ्क (८०–१००%)ल्याउने विद्यार्थी सङ्ख्या १० जना प्रतिशत १० रहेको छ ।

माथिको नतिजाको आधारमा विश्लेषण गर्दा सबै भन्दा तल्लो श्रेणीमा २१ प्रतिशत, माथिल्लो श्रेणीमा १० प्रतिशत रहेको छ भने मध्य श्रेणी र उच्च श्रेणीमा २२ र ३६ प्रतिशत रहेको पाइयो । समग्रमा अर्घाखाँची जिल्लाका विद्यार्थीको बुँदाटिपोट क्षमता ठिकै रहेको पाइयो । विद्यार्थीहरूको बुँदाटिपोट क्षमता मध्यमको रहेको र सामुदायिक र संस्थागत विद्यालयको पठनपाठनमा एकरूपता नभएको पाइयो ।

स्तम्भ चित्र नं. १




माथिको स्तम्भ चित्र प्रतिशतका आधारमा अर्घाखाँची जिल्लाका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयका कक्षा आठमा अध्ययनरत १०० जना विद्यार्थीहरूको समग्रताका आधारमा बुँदाटिपोट क्षमतामा सबैभन्दाबढी अति उत्तम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू १० जना रहेका छन् । उत्तम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ११ जना रहेको छ भने मध्यम अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २२ जना रहेको छ त्यसैगरी निम्न अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३६ रहेका छन् र अति निम्न अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २१ जना रहेको छ । त्यसमध्ये समान अङ्क ल्याउने सबैभन्दा बढी विद्यार्थीहरू २०–३९ अङ्कको बीचमा ३६ जना रहेका छन् । सबै विद्यार्थीहरूको अङ्कमा एकरूपता नभएको पाइयो ।

ख)    मध्यमान र मानक विचलनका आधारमा

तालिका नं. २

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| १०० | २.७६ | ०.७१ | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | ४३ | ४३ | ५७ | ५७ |

माथिको तालिका अनुसार अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले बुँदाटिपोट क्षमतामा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान २.७६ र मानक विचलन ०.७१ रहेको छ । माथि दिइएको मध्यमानलाई आधार मानी हेर्दा जम्मा १०० जना विद्यार्थीमा मध्यमान भन्दा माथि बुँदाटिपोट क्षमता रहेका विद्यार्थी सङ्ख्या ४३ र मध्यमान भन्दा तल बुँदाटिपोट क्षमता रहेका विद्यार्थी सङ्ख्या ५७ रहेको छ । प्रतिशतका आधारमा मध्यमान भन्दा माथि ल्याउने ४३ प्रतिशत विद्यार्थी रहेका छन् भने मध्यमान भन्दा कम ल्याउने ५७ प्रतिशत रहेका छन् । यसरी मध्यमानको आधारमा हेर्दा मध्यमान भन्दा बढी ल्याउने विद्यार्थी भन्दा मध्यमान भन्दा कम ल्याउने विद्यार्थी धेरै भएको हुदाँ विद्यार्थीको बुँदाटिपोट क्षमता ठिकै रहेको मानिन्छ ।

## ४.२    विद्यालयको प्रकृतिको आधारमा बुँदाटिपोट क्षमता

प्रस्तुत अध्ययनमा विद्यालयको प्रकृतिको आधारमा सामुदायिक र संस्थागत गरी अर्घाखाँची जिल्लाका १० वटा विद्यालयलाई आधार बनाइएको छ । जसमा प्रत्येक विद्यालयका १०/१० जनाका दरले १०० जना विद्यार्थीलाई लिइएको छ । यसरी छनोटमा परेका विद्यार्थी र विद्यालयको बुँदाटिपोट क्षमताको परिणाम र विश्लेषण छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको छ ।

### ४.२.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुादाटिपोट क्षमताको अध्ययन

यस अध्ययनमा अर्घाखाँची जिल्लाका ५ वटा सामुदायिक विद्यालयलाई नमुनाको रूपमा छनोट गरिएको छ । जसमा सामुदायिक विद्यालयमा अध्ययनरत छात्र ५ र छात्रा ५ गरी १०/१० जनाका दरले ५० जना विद्यार्थीको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ । प्रस्तुत तथ्याङ्कको प्रतिशताङ्क, मध्यमान र मानक विचलनका आधारमा निम्नानुसार देखाइएको छ :

क) **प्रतिशतका आधारमा**

तालिका नं. ३


| विद्यार्थी सङ्ख्या | ०–१९% | | २०–३९% | | ४०–५९% | | ६०–७९% | | ८०–१००% | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अति निम्न | | निम्न | | मध्यम | | उत्तम | | अति उत्तम | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १३ | १३ | १४ | १४ | ११ | ११ | ७ | ७ | ५ | ५ |

माथि दिइएको तालिका अनुसार अर्घाखाँची जिल्लाका ५ वटा सामुदायिक विद्यालयका कक्षा आठमा अध्ययनरत ५० जना विद्यार्थीहरूको सामुदायिक विद्यालयका आधारमा बुँदाटिपोट क्षमताको विभाजन गरिएको छ । जसमा प्रतिशतका आधारमा ५ वटा श्रेणीमा विभाजन गरिएको छ । जसका आधारमा अति निम्न अङ्क (०–१९%) ल्याउने विद्यार्थी सङ्ख्या १३ जना प्रतिशत १३ रहेको छ । निम्न अङ्क (२०–३९%) ल्याउने विद्यार्थी सङ्ख्या १४ जना प्रतिशत १४ रहेको छ भने मध्यम अङ्क (४०–५९%) ल्याउने विद्यार्थी सङ्ख्या ११ जना प्रतिशत ११ रहेको छ त्यसैगरी उत्तम अङ्क (६०–७९%) ल्याउने विद्यार्थी सङ्ख्या ७ जना प्रतिशत ७ रहेको छ र अति उत्तम अङ्क (८०–१००%)ल्याउने विद्यार्थी सङ्ख्या ५ जना प्रतिशत ५ रहेको छ ।

यसरी माथिको नतिजाको आधारमा विश्लेषण गर्दा सबै भन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ र सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १३ रहेको पाइन्छ र

यसरी हेर्दा अर्घाखाँची जिल्लाका सामुदायिक विद्यालयहरूमा कक्षा आठमा पठनपाठन गर्ने विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सन्तोषजनक रहेको पाइयो ।

**स्तम्भ चित्र नं. २**




माथिको स्तम्भ चित्रलाई प्रतिशतका आधारमा हेर्दा अर्घाखाँची जिल्लाका ५ वटा सामुदायिक विद्यालयका बुँदाटिपोट क्षमतालाई देखाइएको छ । जसमा प्रतिशतका आधारमा ५ वटा श्रेणीमा विभाजन गरिएको छ । जसका आधारमा अति निम्न अङ्क (०–१९%) ल्याउने विद्यार्थी सङ्ख्या १३ जना रहेको छ । निम्न अङ्क (२०–३९%) ल्याउने विद्यार्थी सङ्ख्या १४ जना रहेको छ भने मध्यम अङ्क (४०–५९%) ल्याउने विद्यार्थी सङ्ख्या ११ जना रहेको छ त्यसैगरी उत्तम अङ्क (६०–७९%) ल्याउने विद्यार्थी सङ्ख्या ७ जना रहेको छ र अति उत्तम अङ्क (८०–१००%) ल्याउने विद्यार्थी सङ्ख्या ५ जना रहेको छ ।

यसरी हेर्दा अर्घाखाँची जिल्लाका सामुदायिक विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा सबै भन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ र सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १३ रहेकाले अर्घाखाँची जिल्लाका सामुदायिक विद्यालयहरूमा कक्षा आठमा पठनपाठन गर्ने विद्यार्थीहरूको बुँदाटिपोट क्षमता त्यति सन्तोषजनक रहेको मानिदैन ।

ख)  मध्यमान र मानक विचलनका आधारमा

तालिका नं. ४

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| ५० | २.७७ | ०.७३ | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | २३ | २३ | १७ | १७ |

माथिको तालिकाका आधारमा अर्घाखाँची जिल्लाका सामुदायिक विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले बुँदाटिपोट क्षमतामा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान २.७७ र मानक विचलन ०.७३ रहेको छ । मध्यमानका आधारमा हेर्दा सामुदायिक विद्यालयका कक्षा आठमा अध्ययनरत जम्मा ५० जना विद्यार्थीहरू मध्ये मध्यमान भन्दा माथि २३ जना र मध्यमान भन्दा तल १७ जना विद्यार्थीहरू रहेको पाइन्छ । यसरी मध्यमान भन्दा माथि र मध्यमान भन्दा तल ल्याउने विद्यार्थीको सङ्ख्यामा धेरै फरक नभएको कारणले सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सन्तोषजनक रहेको पाइयो ।

### ४.२.२ संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

यस अध्ययनमा अर्घाखाँची जिल्लाका ५ वटा संस्थागत विद्यालयलाई नमुनाको रूपमा छनोट गरिएको छ । जसमा संस्थागत विद्यालयमा अध्ययनरत छात्र ५ र छात्रा ५ गरी १०/१० जना विद्यार्थीहरूका दरले ५० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति निम्नानुसार रहेको छ ।

क)    प्रतिशतका आधारमा


तालिका नं. ५

| विद्यार्थी सङ्ख्या | ०–१९% | | २०–३९% | | ४०–५९% | | ६०–७९% | | ८०–१००% | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अति निम्न | | निम्न | | मध्यम | | उत्तम | | अति उत्तम | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ८ | ८ | २२ | २२ | ११ | ११ | ४ | ४ | ५ | ५ |

माथिको तालिकामा अर्घाखाँची जिल्लाका ५ वटा संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत ५० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमतालाई देखाइएको छ । जसमा प्रतिशतका आधारमा ५ वटा श्रेणीमा विभाजन गरिएको छ । जस अनुसार अति निम्न अङ्क (०–१९%) ल्याउने विद्यार्थी सङ्ख्या ८ जना र प्रतिशत ८ रहेको छ । निम्न अङ्क (२०–३९%) ल्याउने विद्यार्थी सङ्ख्या २२ जना प्रतिशत २२ रहेको छ भने मध्यम अङ्क (४०–५९%) ल्याउने विद्यार्थी सङ्ख्या ११ जना प्रतिशत ११ रहेको छ त्यसैगरी उत्तम अङ्क (६०–७९%) ल्याउने विद्यार्थी सङ्ख्या ४ जना प्रतिशत ४ रहेको छ र अति उत्तम अङ्क (८०–१००%) ल्याउने विद्यार्थी सङ्ख्या ५ जना प्रतिशत ५ रहेको छ ।

यसरी माथिको नतिजाको आधारमा विश्लेषण गर्दा सबै भन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ र सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ८ रहेको पाइन्छ । यसरी हेर्दा अर्घाखाँची जिल्लाका संस्थागत विद्यालयमा अध्ययनरत कक्षा आठका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ठिकै रहेको पाइयो ।

स्तम्भ चित्र नं. ३




माथि दिइएको स्तम्भ चित्र प्रतिशतका आधारमा अर्घाखाँची जिल्लाका ५ वटा संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत ५० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई देखाइएको छ । जसमा प्रतिशतका आधारमा ५ वटा श्रेणीमा विभाजन गरिएको छ । जस अनुसार अति निम्न अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ८ जना रहेको छ । निम्न अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २२ जना रहेको छ भने मध्यम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ११ जना रहेको छ त्यसैगरी उत्तम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४ जना रहेको छ र अति उत्तम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ जना रहेको छ ।

यसरी माथिको नतिजाको आधारमा विश्लेषण गर्दा सबै भन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ र सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ८ रहेको पाइन्छ । यसरी हेर्दा अर्घाखाँची जिल्लाका संस्थागत विद्यालयमा अध्ययनरत कक्षा आठका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ठिकै रहेको पाइयो ।

ख)　मध्यमान र मानक विचलनका आधारमा

तालिका नं. ६

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| ५० | २.७६ | ०.७४ | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | २० | २० | ३० | ३० |

माथिको तालिका अनुसार अर्घाखाँची जिल्लाका ५ वटा संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले बुँदाटिपोट क्षमतामा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान २.७६ र मानक विचलन ०.७४ रहेको छ भने मध्यमानलाई आधार मान्दा मध्यमानभन्दा माथि २० जना र मध्यमानभन्दा तल ३० जना विद्यार्थीहरू रहेका छन् । त्यसैले अर्घाखाँची जिल्लाका संस्थागत विद्यालयमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सन्तोषजनक नरहेको पाइयो ।

## ४.३　विद्यालयको प्रकृतिको आधारमा बुँदाटिपोट क्षमताको तुलना

तालिका नं. ७

| समूह | सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | मध्यमानभन्दा तल |
|---|---|---|---|---|---|
| सामुदायिक | ५० | २.७७ | ०.७३ | २३ | १७ |
| संस्थागत | ५० | २.७६ | ०.७४ | २० | ३० |

माथि दिइएको तालिकामा विद्यालयको प्रकृतिको आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थितिलाई देखाइएको छ । जसमा अर्घाखाँची जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी १० वटा विद्यालयलाई नमुनाका रूपमा छनोट गरिएको छ र प्रत्येक विद्यालयबाट १०/१० जनाका दरले १००

जना विद्यार्थीको बुँदाटिपोट क्षमतालाई देखाइएको छ । माथिको तालिकाअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान २.७७ र मानक विचलन ०.७३ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कका मध्यमान २.७६ र मानक विचलन ०.७४ रहेको छ । यसरी सामुदायिक विद्यालयका विद्यार्थीले बुँदाटिपोट क्षमतामा मध्यमानभन्दा माथि २३ र मध्यमानभन्दा तल १७ रहेका छन् भने संस्थागत विद्यालयका विद्यार्थीले मध्यमानभन्दा माथि ल्याउने २० र मध्यमानभन्दा तल ल्याउने ३० रहेका छन् । तसर्थ विद्यालयको प्रकृतिको आधारमा सामुदायिक र संस्थागत विद्यालयलाई तुलना गरेर हेर्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो ।

## ४.४ लैङ्गिकताका आधारमा बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्यायमा लैङ्गिकताका आधारमा अर्घाखाँची जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्न छात्र र छात्रामा विभाजन गरिएको छ । जसमा १०० जना विद्यार्थीहरू मध्ये ५० जना छात्र र ५० छात्रालाई छनोट गरिएको छ । यसरी छनोटमा परेका विद्यार्थीबाट प्राप्त गरेको तथ्याङ्कलाई सङ्कलन गरी छात्र र छात्राको प्राप्ताङ्कका आधारमा प्रतिशत, मध्यमान र मानक विचलन निकाली तालिकामा प्रस्तुत गरिएको छ ।

### ४.४.१ छात्रहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा अर्घाखाँची जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत १०० जना विद्यार्थीहरूमध्ये ५० जना छात्र छानिएका छन् । जसमा छात्रहरूको बुँदाटिपोट क्षमतालाई प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा निम्नानुसार स्पष्ट पारिएको छ :

क)   प्रतिशतका आधारमा


तालिका नं. ८

| विद्यार्थी सङ्ख्या | ०–१९% | | २०–३९% | | ४०–५९% | | ६०–७९% | | ८०–१००% | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अति निम्न | | निम्न | | मध्यम | | उत्तम | | अति उत्तम | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १२ | १२ | १८ | १८ | ९ | ९ | ७ | ७ | ४ | ४ |

माथिको तालिकामा अर्घाखाँची जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत ५० जना छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमतालाई प्रस्तुत गरिएको छ । जसमा प्रतिशतका आधारमा ५ वटा श्रेणीमा विभाजन गरिएको छ । जस अनुसार अति निम्न अङ्क (०–१९%) ल्याउने विद्यार्थी सङ्ख्या १२ जना र प्रतिशत १२ रहेको छ । निम्न अङ्क (२०–३९%) ल्याउने विद्यार्थी सङ्ख्या १८ जना प्रतिशत १८ रहेको छ भने मध्यम अङ्क (४०–५९%) ल्याउने विद्यार्थी सङ्ख्या ९ जना प्रतिशत ९ रहेको छ त्यसैगरी उत्तम अङ्क (६०–७९%)ल्याउने विद्यार्थी सङ्ख्या ७ जना प्रतिशत ७ रहेको छ र अति उत्तम अङ्क (८०–१००%)ल्याउने विद्यार्थी सङ्ख्या ४ जना प्रतिशत ४ रहेको छ ।

यसरी माथिको तालिकाको आधारमा विश्लेषण गर्दा सबै भन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४ र सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १२ रहेको छ । यसरी हेर्दा अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ठिकै रहेको पाइयो ।

स्तम्भ चित्र नं. ४




माथिको स्तम्भ चित्र प्रतिशतका आधारमा अर्घाखाँची जिल्लाका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयका कक्षा आठमा अध्ययनरत ५० जना छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा सबैभन्दाबढी अति उत्तम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ४ जना रहेका छन् । उत्तम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ७ जना रहेको छ भने मध्यम अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ९ जना रहेको छ त्यसैगरी निम्न अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १८ रहेका छन् र अति निम्न अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १२ जना रहेको छ । त्यसमध्ये समान अङ्क ल्याउने सबैभन्दा बढी विद्यार्थीहरू २०–३९ अङ्कको बीचमा १८ जना रहेका छन् ।

यसरी माथिको तालिकाको आधारमा विश्लेषण गर्दा सबै भन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४ र सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १२ रहेको छ । यसरी हेर्दा अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ठिकै रहेको पाइयो ।

ख)	मध्यमान र मानक विचलनका आधारमा

तालिका नं. ९

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| ५० | २.७३ | ०.७२ | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | २० | २० | ३० | ३० |

माथिको तालिकाका आधारमा अर्घाखाँची जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले बुँदाटिपोट क्षमतामा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान २.७३ र मानक विचलन ०.७२ रहेको छ। जसमध्ये जम्मा ५० जना विद्यार्थीहरू मध्ये मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि २० जना र मध्यमानभन्दा तल ३० जना विद्यार्थीहरू रहेका छन् । यसरी मध्यमानको आधारमा हेर्दा मध्यमानभन्दा तल ल्याउने विद्यार्थी भन्दा मध्यमानभन्दा माथि ल्याउने विद्यार्थीहरूको सङ्ख्या थोरै भएकाले छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमता त्यति सन्तोषजनक नरहेको पाइयो ।

### **४.४.२ छात्राहरूको बुँदाटिपोट क्षमताको अध्ययन**

प्रस्तुत अध्ययनमा अर्घाखाँची जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत १०० जना विद्यार्थीहरूमध्ये ५० जना छात्रालाई नमुनाका रूपमा छानिएका छन् । यसरी छनोटमा परेका कक्षा आठमा अध्ययनरत छात्राहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा निम्नानुसार स्पष्ट पारिएको छ :

क)    प्रतिशतका आधारमा


तालिका नं. १०

| विद्यार्थी सङ्ख्या | ०–१९% | | २०–३९% | | ४०–५९% | | ६०–७९% | | ८०–१००% | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अति निम्न | | निम्न | | मध्यम | | उत्तम | | अति उत्तम | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ९ | ९ | १८ | १८ | १३ | १३ | ४ | ४ | ६ | ६ |

माथि दिइएको तालिकामा अर्घाखाँची जिल्लाका सामुदायिक र संस्थागत विद्यालय गरी १० वटा विद्यालयमा कक्षा आठमा अध्ययनरत ५० जना छात्रा विद्यार्थीहरूको आधारमा बुँदाटिपोट क्षमतालाई प्रतिशतका आधारमा ५ वटा श्रेणीमा विभाजन गरिएको छ । जस अनुसार अति निम्न अङ्क (०–१९%) ल्याउने विद्यार्थी सङ्ख्या ९ जना र प्रतिशत ९ रहेको छ । निम्न अङ्क (२०–३९%) ल्याउने विद्यार्थी सङ्ख्या १८ जना प्रतिशत १८ रहेको छ भने मध्यम अङ्क (४०–५९%) ल्याउने विद्यार्थी सङ्ख्या १३ जना प्रतिशत १३ रहेको छ त्यसैगरी उत्तम अङ्क (६०–७९%)ल्याउने विद्यार्थी सङ्ख्या ४ जना प्रतिशत ४ रहेको छ र अति उत्तम अङ्क (८०–१००%)ल्याउने विद्यार्थी सङ्ख्या ६ जना प्रतिशत ६ रहेको छ ।

यसरी माथिको तालिकाको आधारमा विश्लेषण गर्दा सबै भन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६ र सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ९ रहेको छ । यसरी हेर्दा अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा धेरै अङ्कले फरक नभएकोले बुँदाटिपोट क्षमता ठिकै रहेको पाइयो ।

स्तम्भ चित्र नं. ५




माथि दिइएको तालिकामा अर्घाखाँची जिल्लाका सामुदायिक र संस्थागत विद्यालय गरी १० वटा विद्यालयमा कक्षा आठमा अध्ययनरत ५० जना छात्रा विद्यार्थीहरूको आधारमा बुँदाटिपोट क्षमतालाई प्रतिशतका आधारमा ५ वटा श्रेणीमा विभाजन गरिएको छ । जस अनुसार अति निम्न अङ्क (०–१९%) ल्याउने विद्यार्थी सङ्ख्या ९ जना र प्रतिशत ९ रहेको छ । निम्न अङ्क (२०–३९%) ल्याउने विद्यार्थी सङ्ख्या १८ जना प्रतिशत १८ रहेको छ भने मध्यम अङ्क (४०–५९%) ल्याउने विद्यार्थी सङ्ख्या १३ जना प्रतिशत १३ रहेको छ त्यसैगरी उत्तम अङ्क (६०–७९%)ल्याउने विद्यार्थी सङ्ख्या ४ जना प्रतिशत ४ रहेको छ र अति उत्तम अङ्क (८०–१००%)ल्याउने विद्यार्थी सङ्ख्या ६ जना प्रतिशत ६ रहेको छ ।

यसरी माथिको तालिकाको आधारमा विश्लेषण गर्दा सबै भन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६ र सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ९ रहेको छ । यसरी हेर्दा अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा धेरै अङ्कले फरक नभएकोले बुँदाटिपोट क्षमता ठिकै रहेको पाइयो ।

ख)	मध्यमान र मानक विचलनका आधारमा

तालिका नं. ११

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| ५० | २.७३ | ०.७२ | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | २३ | २३ | २७ | २७ |

माथिको तालिकाका आधारमा अर्घाखाँची जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत छात्रा विद्यार्थीहरूले बुँदाटिपोट क्षमतामा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान २.७३ र मानक विचलन ०.७१ रहेको छ । जसमध्ये मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि २३ जना र मध्यमानभन्दा तल २७ जना विद्यार्थीहरू रहेका छन् । यसरी मध्यमानको आधारमा हेर्दा मध्यमानभन्दा तल ल्याउने विद्यार्थी र मध्यमानभन्दा माथि ल्याउने विद्यार्थीहरूको सङ्ख्या धेरैले फरक नभएकाले छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सन्तोषजनक रहेको पाइयो ।

## ४.५	लैङ्गिकताका आधारमा बुँदाटिपोट क्षमताको तुलना

तालिका नं.१२

| समूह | सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | मध्यमानभन्दा तल |
|---|---|---|---|---|---|
| छात्र | ५० | २.७३ | ०.७२ | २० | २३ |
| छात्रा | ५० | २.७३ | ०.७२ | २३ | २७ |

माथि दिइएको तालिका अनुसार लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थितिलाई देखाइएको छ । यसमा अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी १० वटा विद्यालयका १०० जना विद्यार्थीहरू ५० जना छात्र र ५० छात्रालाई छनोटमा लिइएको छ ।

लैङ्गिकताका आधारमा हेर्दा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमान २.७३ र मानक विचलन ०.७२ रहेको छ भने छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमान २.७३ र मानक विचलन ०.७२ भएकोले बराबर रहेको छ । छात्र विद्यार्थीले प्राप्त गरेको मध्यमानभन्दा माथि ल्याउने २० जना र मध्यमानभन्दा तल ल्याउने विद्यार्थी सङ्ख्या ३० रहेको छ भने छात्रा विद्यार्थीले प्राप्त गरेको मध्यमानभन्दा माथि ल्याउने २३ जना र मध्यमानभन्दा तल ल्याउने विद्यार्थी सङ्ख्या २७ जना रहेको छ । त्यसकारण मध्यमानभन्दा बढी ल्याउने छात्रा भएकोले छात्र विद्यार्थीको भन्दा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो । अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई लैङ्गिकताका आधारमा तुलना गरेर हेर्दा छात्र विद्यार्थीको भन्दा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो ।

# अध्याय पाँच

# सांराश, निष्कर्ष र उपयोगिता

## ५.१ सांराश

प्रस्तुत शोधकार्यमा अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको विश्लेषण गरिएको छ । सामान्यतया नयाँ तथ्य पत्ता लगाउनु अथवा पुरानो ज्ञानको पुन : परीक्षण वा पुनव्याख्या गर्नु नै अनुसन्धान हो । तसर्थ प्रस्तुत अध्ययनको उद्देश्य पाप्तिका निम्ति अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु रहेको छ । भाषिक सिपसँग सम्बन्धित सुनाइ, बोलाइ, पढाइ, लेखाइ सम्बन्धी विशिष्ट उद्देश्यहरू निर्धारण गरिएको छ । प्रस्तुत सिप विकासमा लेखन सिपको महत्त्वपूर्ण भूमिका रहेको छ । प्रस्तुत अध्ययनका उद्देश्यहरू अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको समग्रताका आधारमा बुँदाटिपोट क्षमताको अध्ययन गर्नु, विद्यालयको प्रकृतिको आधारमा उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको पहिचान गर्नु रहेको छ ।

यसरी प्रस्तुत उद्देश्य पाप्तिका लागि अर्घाखाँची जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयहरूलाई नमुनाको रूपमा छानिएको छ । जसमा १० वटा विद्यालयलाई नमुनाको रूपमा छनोट गरिएको छ र प्रत्येक विद्यालयबाट छात्र ५ र छात्रा ५ गरी १०० जना विद्यार्थीहरू नमुना छनोटको रूपमा परेका छन् । यसरी अध्ययनको क्रममा अध्ययनकर्ता प्रत्येक विद्यालयमा गएर सम्बन्धित विषय शिक्षकको सहयोग लिई कक्षामा उपस्थित भई छनोटमा परेका विद्यार्थीहरूलाई तयार पारेको अनुच्छेद दिई बुँदाहरू टिपोट गर्न लगाइएको छ । त्यसपछि प्राप्त उत्तरपुस्तिकालाई भाषिक शुद्धता, मौलिकता, मूलभाव र क्रमवद्धतालाई आधार बनाई परीक्षण गरिएको छ । परीक्षणपछि प्राप्त तथ्याङ्कलाई प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा निकाली मध्यमानभन्दा कम र बढी अङ्क ल्याउने विद्यार्थीहरू छुट्याएर वर्गीकरण गरिएको छ र समग्रताका आधारमा ,

विद्यालयको प्रकृतिको आधारमा र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको व्याख्या विश्लेषण गरिएको छ ।

यसरी समग्रताका आधारमा अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सन्तोषजनक रहेको पाइयो । यस्तै विद्यालयको प्रकृतिका आधारमा हेर्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका बुँदाटिपोट राम्रो रहेको पाइयो भने लैङ्गिकताका आधारमा हेर्दा छात्र विद्यार्थीको भन्दा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो ।

## ५.२ निष्कर्ष

प्रस्तुत अध्ययनमा अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन सम्बन्धी निम्नानुसार निष्कर्षहरू निकालिएको छ :

क) प्रस्तुत अध्ययनमा विद्यार्थीको बुँदाटिपोट क्षमताको अध्ययन गर्न प्राप्ताङ्कलाई आधार मानी ५ श्रेणीमा विभाजन गरिएको छ ।

ख) समग्र विद्यार्थीको आधारमा विद्यार्थीको प्राप्ताङ्कको मध्यमान २.७६ र मानक विचलन ०.७१ रहेको छ । मध्यमानभन्दा माथि ल्याउने ४३ जना र मध्यमानभन्दा तल ल्याउने ५७ जना रहेको छ ।

ग) समग्रताकै आधारमा बुँदाटिपोटमा उच्चतम श्रेणीमा १० र न्यूनतम श्रेणीमा २१ रहेको हुँदा विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइएन ।

घ) विद्यालयको प्रकृतिका आधारमा हेर्दा सामुदायिक विद्यालयको प्रतिशतमा बुँदाटिपोटमा न्यूनतममा १३ उच्चतममा ५, मध्यमान २.७७ र मानक विचलन ०.७३, मध्यमानभन्दा माथि २३ र मध्यमानभन्दा तल १७ रहेको छ भने संस्थागत विद्यालयको प्रतिशतमा बुँदाटिपोटमा न्यूनतममा ८ उच्चतममा ५, मध्यमान २.७६ र मानक विचलन ०.७४, मध्यमानभन्दा माथि ल्याउने २० जना र मध्यमानभन्दा तल ल्याउने ३० जना रहेको छ ।

ङ)	त्यस्तै विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयलाई तुलना गरेर हेर्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो ।

च)	लैङ्गिकताका आधारमा हेर्दा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमान २.७३ र मानक विचलन ०.७२ रहेको छ भने छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमान २.७३ र मानक विचलन ०.७२ भएकोले बराबर रहेको छ ।

छ)	लैङ्गिकताका आधारमा हेर्दा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमता न्यूनतममा १२ उच्चतममा ४ रहेको पाइयो भने मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि ल्याउने २० प्रतिशत रहेकाले छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ठिकै रहेको पाइयो ।

ज)	त्यस्तै लैङ्गिकताका आधारमा हेर्दा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता न्यूनतममा ९ उच्चतममा ६ रहेको पाइयो भने मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि ल्याउने २३ प्रतिशत रहेकाले छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सन्तोषजनक रहेको पाइयो ।

झ)	समग्र लैङ्गिकताका आधारमा तुलना गरेर हेर्दा छात्र विद्यार्थीको भन्दा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो ।

ञ)	यसरी सम्पूर्ण आधारलाई केलाएर हेर्दा अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा एकरूपता पाइएन् ।

## ५.३ उपयोगिता

अनुसन्धान एक आफैमा जटिल र चुनौतीपूर्ण कार्य हो । प्रत्येक अनुसन्धानले नयाँ तथ्य पत्ता लगाउनु वा पुराना तथ्यहरूको पुन : परीक्षण वा पुनर्व्याख्या गर्ने गर्दछ वस्तुपरक र वैज्ञानिक पद्धतिको प्रयोग गरी नवीनतम कुराहरूको खोजी गर्ने भएकाले भाषिक क्षेत्रमा यसको प्रमुख महत्त्व रहेको पाइन्छ । भाषाका चार सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप मध्ये लेखाइलाई महत्त्वपूर्ण र उच्च सिपका रूपमा लिन सकिन्छ । लेखाइ सिपबाट नै

लिखित अभिव्यक्तिको विकास हुने गर्दछ । लेखाइ सिप भित्र प्रर्ने क्रियाकलापहरू मध्ये बुँदाटिपोट पनि एक हो । यो भाषिक सिप सँग सम्बद्ध रहेको छ । त्यसैले प्रस्तुत अध्ययन अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययनको उपयोगिता निम्नानुसार रहेको छ ।

### ५.३.१ नीतिगत तह

प्रस्तुत अध्ययनका नीतिगत तहमा हुने उपयोगिता निम्न रहेका छन् :

क) नेपाली भाषा पाठ्यक्रममा बुँदाटिपोट सम्बन्धी उपयुक्त क्रियाकलाप समावेश नभएकाले अब आउने पाठ्यक्रममा बुँदाटिपोट सम्बन्धी क्रियाकलाप राख्न सहयोग पुऱ्याउँछ ।

ख) यस अध्ययनले भाषा पाठ्यक्रम र पाठ्यपुस्तकलाई समय सापेक्ष परिमार्जन गर्न सहयोग पुऱ्याउँने छ ।

ग) यस अध्ययनले भाषा पाठ्यपुस्तक निर्माण गर्दा समावेश गर्नु पर्ने भाषिक सिपहरू लिङ्ग, क्षमता, भाषिक पृष्ठभूमि, रूचि, उमेर आदिमा ध्यान दिर्नुपर्छ भन्ने विषयमा  पाठ्यपुस्तक निर्माणकर्तालाई सचेत गराउने छ ।

### ५.३.२ प्रयोगगत तह

प्रस्तुत अध्ययनका प्रयोगगत तहमा हुने उपयोगिताहरू निम्न रहेका छन् :

क) प्रस्तुत अध्ययनले विद्यालय तहमा बुँदाटिपोट गर्दा सुधार गर्नुप्रने कुरामा सहयोग गर्ने छ ।

ख) प्रस्तुत अध्ययनले विद्यार्थी केन्द्रित विधिमा जोड दिनुप्रर्ने कुरामा सहयोग गर्ने छ ।

ग) यस अध्ययनले बुँदाटिपोट शिक्षणको महत्त्व स्पष्ट पार्दै लेखाइ सिपको विकास गर्न सहयोग गर्ने छ ।

घ) यस अध्ययनले व्यक्तिको सिर्जनात्मक मौलिक क्षमता, दक्षता र सिप निर्माणमा सहयोग गर्दै भाषिक संरचनामा प्रयोग गरिने लेख्य चिह्न,

वर्णविन्यास र शुद्धता आदिलाई सहि तरिकाले अगाडि बढाउन सहयोग गर्नेछ ।

ङ) प्रस्तुत अध्ययनले विद्यार्थीहरूलाई गहिरिएर पढ्ने र मनन् गर्ने क्षमतामा विकास गर्नेछ ।

## ५.४ भावी शोधका शीर्षकहरू

क) बुँदाटिपोट क्षमताको अध्ययन

ख) निबन्ध लेखन क्षमताको अध्ययन

ग) निमन्त्रणा लेखन क्षमताको अध्ययन

घ) सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन

ङ) सारांश लेखन क्षमताको अध्ययन

च) अनुच्छेद लेखन क्षमताको अध्ययन

छ) पठनबोध क्षमताको अध्ययन

# सन्दर्भसूची


क्षेत्री, चित्रकुमारी (२०७२), *कास्की जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनिया, बुद्धराज र अन्य (२०७२), *अनिवार्य नेपाली,* काठमाडौं : जुपिटर प्रिन्टिर एन्ड पब्लिसिङ हाउस प्रा.लि. ।

गौतम, देवीप्रसाद (२०७१), *स्नातक नेपाली,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

घिमिरे, नरहरि र अन्य (२०६६), *अनिवार्य नेपाली* काठमाडौं : सुजाता प्रकाशन ।

चन्द, आसिक (२०७४), *बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढुङ्गाना, धुवप्रसाद र अन्य (२०६५) *नेपाली व्याकरण र रचना कौशल* काठमाडौं : नवकला पब्लिकेसन ।

दाहाल, केदारप्रसाद, जोशी, खगराज (२०६६), *अनिवार्य नेपाली* काठमाडौं : रिलायन्स पब्लिकेशन हाउस ।

दाहाल, दुर्गाप्रसाद (२०६१), *साधारण नेपाली,* काठमाडौं : के.पी. पुस्तक भण्डार ।

पुन, पुष्पा (२०७३), *रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोखेल, जि.के., ढकाल, अम्बरराज (२०६७), *अनिवार्य नेपाली* काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि. ।

पोखरेल, सीता (२०७४), *झापा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, टंकराज (२०६९), *पर्वत जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन*।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

बडवाल, रश्मि (२०७३), *कञ्चनपुर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, डी.पी (२०६७), *निम्नमाध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि* काठमाडौं : शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *साहित्यशास्त्र, नेपाली समालोचना र शाधविधि* काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि. ।

भुसाल, केशव (२०७१), *भाषाविज्ञान* काठमाडौं : पाठशाला पब्लिकेसन ।

मगर, कुमार राना (२०७४), *सुर्खेत जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट र सारांश लेखन क्षमता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

राई, उर्मिला (२०७२), *ललितपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

राई, मनिला (२०७३), *इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

रिजाल, मन्दोदरी (२०७२) *कैलाली जिल्लाका कक्षा बाह्मा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लम्साल, रामचन्द्र र अन्य (२०६६), *नेपाली भाषाशिक्षण* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

लम्साल, रामचन्द्र र ज्ञवाली रामप्रसाद (२०७२), *नेपाली* भक्तपुर : नेपाल सरकार शिक्षा मन्त्रालय पाठयक्रम विकास केन्द्र ।

वि.क., दिलमाया (२०७४), *प्युठान जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, केदारप्रसाद, पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, लालनाथ (२०६९), *नेपाली बोध र रचनाशिल्प,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा. लि. ।

## परिशिष्ट (क)

## नमुना छनोटमा परेका विद्यार्थीहरू

संस्थागत विद्यालयतर्फ

| क.सं. | नाम | प्राप्ताङ्क |
|---|---|---|
| १. | स्वस्तिका खनाल | २ |
| २. | सुवास रायमाझी | ३ |
| ३. | अनिसा खत्री | २.५ |
| ४. | गौरव बन्जाडे | २.५ |
| ५. | सन्जिला भुसाल | ३ |
| ६. | विवेक गैरे | ३ |
| ७. | बसन्ता बस्नेत | २.५ |
| ८. | सर्मिला खत्री | २.५ |
| ९. | हेमराज अधिकारी | २ |
| १०. | कृष्ण राँहु मगर | २.५ |
| ११. | अमृत बेल्वासे | ३ |
| १२. | यमन कुमाल | २.५ |
| १३. | आयुष्मा भुसाल | २.५ |
| १४. | करुपा मीश्र | २ |
| १५. | बिराट बि.सी | ३ |
| १६. | सुमन श्रेष्ठ | २.५ |
| १७. | शिशिर के.सी | २.५ |
| १८. | विनिता के.सी | २.५ |
| १९. | अदिति पौडेल | ३ |
| २०. | बिबसना बस्नेत | ३ |
| २१. | शुभेच्छा खनाल | ३ |
| २२. | स्नेहा बन्जाडे | ४ |
| २३. | सङ्कल्प पुन | ४ |

| | | |
|---|---|---|
| २४. | प्रमिला भुसाल | २.५ |
| २५. | सुदिप भुसाल | २.५ |
| २६. | दिब्या के.सी | २.५ |
| २७. | अविशेक भुसाल | २ |
| २८. | प्रकाश भुसाल | ३.५ |
| २९. | प्रशुना श्रेष्ठ | ४ |
| ३०. | सुदिप खनाल | २ |
| ३१ | रोजिना घिमिरे | ३ |
| ३२. | बादल थापा | ३ |
| ३३. | अभिषेक पराजुली | २.५ |
| ३४. | मनिस परियार | २.५ |
| ३५. | अनिल नेपाली | ४ |
| ३६. | सुनिल नेपाली | ३.५ |
| ३७. | आयुस्मा वि.क | २.५ |
| ३८. | लक्ष्मी कुमाल | २.५ |
| ३९. | गरिमा पौडेल | २.५ |
| ४०. | सुनिता क्षेत्री | २.५ |
| ४१. | आगमन श्रेष्ठ | २.५ |
| ४२. | गरिस्मा सुनार | ४ |
| ४३. | प्रेम खनाल | ३.५ |
| ४४. | रोशन कुमाल | ३ |
| ४५. | सन्तोष घिमिरे | २.५ |
| ४६. | रिता आर्चाय | २ |
| ४७. | समिक्षा क्षेत्री | ३.५ |
| ४८. | रिना पाण्डे | २.५ |
| ४९. | दिपक खनाल | २ |
| ५०. | सुसिला आर्चाय | २ |

## सामुदायिक विद्यालयतर्फ

| क्र.सं. | नाम | प्राप्ताङ्क |
|---|---|---|
| १. | अमिसा के.सी | ३ |
| २. | स्वस्तिका श्रेष्ठ | २.५ |
| ३. | रुपेश बस्नेत | २.५ |
| ४. | अजय मगर | २ |
| ५. | श्रृष्टि शर्मा | ३ |
| ६. | प्रेम जि.एम | २.५ |
| ७. | सागर वि.क | २ |
| ८. | कुमार परियार | ३ |
| ९. | वर्षा थापा | ३ |
| १०. | रिमा श्रेष्ठ | २.५ |
| ११. | विपना थापा | ३ |
| १२. | सन्दिप श्रेष्ठ | ३.५ |
| १३. | समिर के.सी | २.५ |
| १४. | विजय जि.सी | २ |
| १५. | आईसा जि.सी | ३.५ |
| १६. | अमृता रायमाझी | ४ |
| १७. | अविशेक खड्का | २.५ |
| १८. | सिम्रन के.सी | २ |
| १९. | सफल श्रेष्ठ | २ |
| २०. | कपिला थापा | २.५ |
| २१. | गरिमा भुसाल | २.५ |
| २२. | अविशेक वि.क | ३.५ |
| २३. | सागर भुसाल | ३.५ |
| २४. | आशिष भुसाल | ४ |
| २५. | नविना भुसाल | ३ |

| | | |
|---|---|---|
| २६. | निर्मला भुसाल | २ |
| २७. | अंकिता खनाल | २.५ |
| २८. | विनोद भुसाल | ३.५ |
| २९. | सुनिल खनाल | २ |
| ३०. | बिबिसा खत्री | ३ |
| ३१. | अर्जुन मुखिया | २ |
| ३२. | राजु मुखिया | २.५ |
| ३३. | अनिता कुमाल | ३.५ |
| ३४. | आकांश नेपाली | २ |
| ३५. | विर बहादुर मुखिया | ४ |
| ३६. | विजय सारू मगर | २ |
| ३७. | चन्द्र बहादुर मुखिया | २.५ |
| ३८. | अंकिता राना | २ |
| ३९. | बिमला भुसाल | २ |
| ४०. | सुदिक्षा भुसाल | २.५ |
| ४१. | सरोज श्रेष्ठ | २ |
| ४२. | ऋषि कुवँर | २.५ |
| ४३. | रोशनी भुसाल | ३ |
| ४४. | करिस्मा कुवँर | ३.५ |
| ४५. | प्रकृती खड्का | ४ |
| ४६. | सुदिप पौडेल | ३ |
| ४७. | विकास भण्डारी | २.५ |
| ४८. | रन्जिता खनाल | ३ |
| ४९. | पल्पसा पाण्डे | ४ |
| ५०. | सुजल श्रेष्ठ | ३ |

## परिशिष्ट (ख)

## त्रि.वि शिक्षाशास्त्र सङ्काय नेपाली भाषा विभागका लागि प्रस्तुत गरिने शोधपत्रको लागि प्रश्नावली फारम

समय : ४० मिनेट

पूर्णाङ्क :

विधार्थीको नाम :

विधालयको नाम :

कक्षा : ८

विषय : नेपाली

**समुह 'क'**

**दृष्टांश**

सामुदायिक ( ) संस्थागत ( ) छात्र ( ) छात्रा ( )

तलको अनुच्छेद पढि पाँचवटा बुँदाटिपोट गर्नुहोस् ।

नेपाल हिमाल, पहाड र तराईको विविधताले भरिएको सुन्दर बगैँचा हो । बगैँचामा रङ्गीचङ्गी फुलहरू रहे झैँ यहाँ धेरै जातजाति छन् । यहाँ रङ्गी बिरङ्गी चरा चुरुङ्गीहरूका मिठा गीत जस्तै धेरै किसिमका भाषा छन् । अनेकौँ मठ, मन्दिर, गुम्बा, मस्जिद र गिर्जाघर छन् । यहाँ अनेकौँ चाडपर्व, रीति रिवाज र प्रचलनहरू छन् । अनेकौँ मुहानबाट निस्केका पवित्र नदी जस्तै यहाँ अनेकौँ परम्परा र मान्यता छन् । नेपाल विभिन्न जातिहरूको सङ्गम स्थल पनि हो । यसलाई विभिन्न जातका फुलबारी पनि भनिन्छ । यहाँका यिनै विविधतामय समाजको जगमा नेपाली संस्कृतिको उदय भएको हो । त्यसैले नेपाली संस्कृति नेपाली समाजको असल व्यवहार, मान्यता र भावनाको एउटै स्वरूप हो । यसभित्र तमाम जातजाति, भाषाभाषी र धर्मावलम्बीहरूका विचार र भावना मिलेका छन् । रङ्गैरङको सुन्दर सृष्टि इन्द्रेणी हो । त्यसै गरी विविध जाति, वेश र परम्पराको उपज नेपाली संस्कृति हो । इन्द्रेणीका हरेक रङको अलग्गै परिचय र विशेषता हुन्छ । तर पनि तिनीहरूको समन्वित एकता ती सबैलाई सजाउने नयाँ सिर्जना बनेको हुन्छ ।

१) ........................................................................................ ।

२) ........................................................................................ ।

३) ........................................................................................ ।

४) ........................................................................................ ।

५) ........................................................................................ ।

## समुह 'ख'

## अदृष्टांश

तलको अनुच्छेद पढि पाँचवटा बुँदाटिपोट गर्नुहोस् ।

नेपालमा भूमि तथा आवासको समस्या लामो समयदेखि बल्झिरहेको छ । जमिनको असमान वितरण, उत्पादशील भूमिको सीमितता र जनसङ्ख्याको अत्याधिक चापका कारण खेती गरेर जीविका गर्न तथा आवासका लागि जमिनको खोजी गर्ने क्रम तीव्र भएको छ । गैरकृषि क्षेत्रमा रोजगारी अभावले पनि मानिसलाई कृषितिरै तानिरहेको छ । साथै पुस्तौँदेखिको जातीय थिचोमिचोमा परेको पहाडका हुन् या तराईका दलित पनि जमिनमाथिको स्वामित्वबाट झन्डै वञ्चितीकरणमा परेका छन् । संरचनागत थिचोमिचोमा परेको चेपाङलगायत जनजातिको पंक्ति या त आफ्नै जमिनबाट बेदखल भएर सुकुमबासी भूमिहीन भएका छन्, या त जमिन दर्तासम्बन्धी सरकारी नियमको सिकार भएर भूमिहीन बनेका छन् । पछिल्लो समय मुक्तकमैया र हलिया पनि जमिनको खाजीमा छन् । जमीनमा आश्रित रहेर खेतिपाती गरेरै जीविका गर्ने तर जमिन नहुनेहरूको यो लर्को हरेक वर्ष बढ्दो छ । २०१० सालयता औलो उन्मूलनसँगै पहाडबाट तराईतिर सुरु भएको बसाइँसराइ पछि गाउँबाट सहरतिर, राजमार्गछेउछाउ र औद्योगिक क्षेत्रवरपर सर्दै गयो । जंगल फाँडेर, सार्वजनिक पर्ती जमिन ओगटेर घरवासको जोहो गर्ने र गैरकृषि क्षेत्रमा काम गर्नेहरू तथा कृषिक्षेत्रमै सक्रिय हुनेहरूको यही पंक्ति सुकुमबासी कहलियो । ०२७ सालतिरको झोरा आन्दोलन र ०६३ तिरको सुकुम्बासी आन्दोलनमार्फत यो पंक्तिले जमिनमाथिको अधिकारको दावि गऱ्यो ।

१) ........................................................................................ ।

२) ........................................................................................ ।

३) ..........................................................................................

........................................................................................ ।

४) .........................................................................................

........................................................................................ ।

५) ..........................................................................................

........................................................................................ ।

# व्यक्तिवृत्त



नाम : कमला खत्री

जन्ममिति : २०४८/०८/१५

स्थायी ठेगाना : अर्घाखाँची

पिताको नाम : नर बहादुर खत्री

माताको नाम : सुमित्रा खत्री

पतिको नाम : विष्णु भुसाल

लिङ्ग : महिला

रुची : अध्ययन

भाषा : नेपाली

धर्म : हिन्दू

राष्टिय : नेपाली

सम्पर्क नं. : ९८६७२६५७६३

**अध्ययन गरेका शिक्षण संस्थाहरू**

| तह | शिक्षण संस्था | उत्तीर्ण |
|---|---|---|
| एस.एल.सी | श्री विश्व माध्यमिक विद्यालय, अर्घाखाँची | २०६३ |
| +2 | पाणिनि बहुमुखी क्याम्पस, अर्घाखाँची | २०६७ |
| स्नातक तह | पाणिनि बहुमुखी क्याम्पस, अर्घाखाँची | २०७२ |
| स्नातकोत्तर | विश्वविद्यालय क्याम्पस कीर्तिपुर, काठमाडौं | |